# प्रदेश सभा

## गण्डकी प्रदेश
## तेस्रो अधिवेशन
## (सोह्रौं बैठक)

मिति : २०७६/०१/०८ गते, पूर्वान्ह ११:०० बजे

प्रदेश सभा, गण्डकी प्रदेशको तेस्रो अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा विहान ११ बजेर ५३ मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुखज्यू**

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

सर्वप्रथम माननीय सदस्यहरु, अव बिशेष समयको कार्यक्रम प्रारम्भ हुन्छ । निर्धारित समय भित्र माननीय सदस्यहरुले आ—आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु ।

सर्वप्रथम माननीय सदस्य श्री इन्द्रधारा डादु विष्ट । समय ७ मिनेट ।

**माननीय इन्द्रधारा डादु विष्टज्यू**

सभामुखज्यू, हाम्रो गण्डकी प्रदेशको समृद्धिको ढोका अर्थात् कोराला नाका, यस विषयमा केही दिन अगाडी मात्र संघीय सरकारबाट निर्णय भई नाकामा आवश्यक कार्यालयहरूलाई जग्गा प्राप्तिको लागि निर्देशन सहित प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा समिति समेत गठन हुने भन्ने कुरा आधिकारिक रूपमा सुनिन्छ ।

सभामुखज्यू, यो ऐतिहासिक निर्णयलाई सभामुखज्यू मार्फत संघीय सरकारलाई हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु। यस अर्थमा, म त्यस क्षेत्रबाट निर्वाचित प्रदेश सदस्यको हैसियत भएको कारण, सभामुखज्यू हाम्रो देशको धेरै विकास पूर्वाधार निर्माणहरू योजनाबद्ध रूपले निर्माण हुन नसकि पहिलो कालोपत्रे पछि पाइप घटने चलन नभएको पनि होइन। यस कारण कोरोला नाकाको शुरूवात चरणमा हामी छौं। सभामुखज्यू, सिमा स्तम्भ २१ देखि २६ सम्मको दश गजा छोडी हाम्रो क्षेत्रमा कम्तिमा पनि ५०-६० हजार जग्गा समतल र पर्याप्त पानीको श्रोत समेत रहेको अवगत गराउँछु। त्यस कारण सभामुख मार्फत संघीय सरकार, प्रदेश सरकार, सरोकारवाला, सरोकारवालालाई यो अनुरोध तथा ध्यानाकर्षण गराउँछु कि जति सक्दो चाँडो नाकामा विशेषतः विशेषज्ञ टोलीलाई कोराला नाका पठाइ मास्टर प्लान गुरूयोजना तयार गरी संवृद्धिको निकास, दिगो विकासलाई मध्यनजर राखी अरू कामहरू अगाडी बढाउन अनुरोध गर्दछु। सभामुखज्यू, यो गरिमामय सदनलाई सम्मान गर्दै, सभामुखज्यू र प्रदेश सभा सचिवालयलाई यो निवेदन गर्दछु कि हाम्रो प्रदेश सभाको सदन चली रहेको समयहरूमा कुनै नकुनै प्रत्यक्ष प्रसारणको व्यवस्था मिलावोस कि हाम्रो प्रदेशवासीले यस गरिमामय सदनको काम कारवाही प्रत्यक्ष हेर्ने अवसर मिलोस् र हाम्रो प्रदेश सभाको पनि थप गरिमा बढने महसुस गर्दै यो व्यवस्था गरियोस् भन्ने अनुरोध गर्दछु । हस् धन्यवाद ।

**माननीय सदस्य श्री कृष्ण थापा । समय ५ मिनेट ।**

माननीय सभामुख महोदय, प्रदेश सभा संचालन भएको करिब एक वर्ष बिति सकेको छ। हामीले प्रदेश सरकार निर्माण भै सकेपछि नेपाली जनताका र प्रदेशका जनताको अहम समस्यालाई गम्भिरताका साथ कुरा गरिन्छ भनेर हामीले

धेरै आशा गरेका छौं। तर आज हामीले हरेक बस्तिमा, हरेक ठाउँमा र हरेक वस्तुहरूमा हामीले हेर्यौं भने जनताका समस्या, जनताहरू असुरिक्षत अवस्था, यो अवस्था सिर्जना भएको छ भने आज वस्तुहरुमा न त गुणस्तर कायम भएको छ, न त मूल्य नियन्त्रण भएको छ र बढेको बढि रहेको छ। यस्तो हेर्दाखेरि जनताका आवश्यकताहरूलाइ गम्भिरतासाथ सरकारले ध्यान दिनु पर्ने कुरामा मध्येनजर दिनु पर्नेमा त्यसलाइ ध्यान दिइएको छैन। त्यसले गर्दाखेरि मैले प्रदेश सरकारलाइ विशेष किसिमले यो अनुरोध गर्न चाहन्छु। अर्कोतिर हामीले विकासका कति बजेटहरू हामीले गाउँतिर लैजाने कुरा पनि गर्यौं। बाटोको कुरा गर्यौं, खानेपानीको कुरा गर्यौं, स्वास्थ्यका कुरा गर्यौं तर अहिलेपनि त्यो निर्वचान क्षेत्रमा, त्यो ठाउँहरूमा ति बजेटहरू सहि प्रकारले पनि कार्यान्वयन हुन नसकेको अवस्थाहरू छ। हामीले संचालन र त्यसलाई व्यवस्थापन राम्रोसँग होस् भनेर प्रदेशका कतिपय ज्ञानकेन्द्रहरू, सडककेन्द्रहरू के के केन्द्रहरू हामीले स्थापना गर्यो शायद तिनिहरू कतै कतै ठेकेदार केन्द्रहरू बनि रहेका अवस्था त छैनन्। यो अवस्थाहरू पनि हामीले त्यहाँ देखिन्छ, त्यसले गर्दाखेरि मैले प्रदेश सरकारसँग के अनुरोध गर्न चाहन्छु भने हामीले गाउँ बस्तिलाई विनियोजित गरेका बजेटहरू अहिलेसम्म पनि वास्तवमा टेण्डरमा जान नसक्नु, कार्यान्वयन नहुनु, र त्यो कार्यान्वयन भएको भएको छ कि छैन भनेर त्यो माननीय सदस्यहरूलाई पनि अनुगमनको व्यवस्था, मूल्याङ्कनको अवस्थाबाट पनि वञ्चित गर्ने जस्ता कार्यविधिहरू आउनुले गर्दा वास्तवमा हामी साँच्चै माननीयहरू घाम ताप्ने अवस्था सिर्जना भएको छ। त्यसले गर्दाखेरि म यो विषयमा अलि गम्भिरताका साथ ध्यान दिन अनुरोध गर्न चाहन्छु र अहिले अङ्गिकृत नागरिकताको पनि हाम्रो नेपाली जनताको लागि निकै ठूलो समस्या बनेको छ। यदि विदेशीहरूलाई नागरिकता दिएर नेपाली जनतालाई अवरोध पार्ने स्थिति सिर्जना भएको छ। त्यस कारण यो

प्रदेश सरकार, संघ सरकारले गरेको निर्णय नेपाली जनताको हितमा छैन। यो कुरा मैले यहाँ अवगत गराउँदै त्यस कुरामा पनि असहमत गर्दै प्रदेश सरकारसँग विनम्रसाथ के अनुरोध गर्न चाहन्छु भने, संघ सरकारले गरेको त्यो निर्णय परिवर्तन गरोस् र नेपाली जनतालाई कमजोर बनाउने अथवा नेपाली जनतालाई कमजोर बनाउने अवस्था सिर्जना नहोस् भन्ने कुरा पनि गर्न चाहन्छु। यति भन्दै मेरा आफ्नो भनाइ यहि टुँग्याउँछु । धन्यवाद ।

## माननीय सभामुखज्यू

माननीय सदस्य श्री धनमाया लामा पोखेल । समय ५ मिनेट ।

## माननीय धनमाया लामा पोखेलज्यू

माननीय सभामुखज्यू, आर्थिक वर्ष २०७५/७६ को बजेट विनियोजन भएको पनि ९ महिना बितिसक्यो, जति बेला हामी बजेट विनियोजन हुँदा उत्साहित थियौ । आज हामी उत्तिकै निराशा छौं । कारण विकास निर्माणले गति लिन सकि रहेको छैन । अब हामी हामीसँग जम्मा ३ महिना मात्र बाँकि छ । अझै पनि प्रदेश सरकार भने कार्यविधि र कर्मचारी अभावको कारण देखाउँदै पन्छिन खोजि रहेका छन् । देश नै नयाँ संरचना र नयाँ व्यवस्थामा प्रवेश गरी सकेको अवस्थामा पनि हाम्रा कार्यशैली र व्यवहार भने पुरानै अपनाउने विगतको जस्तै असारे बजेटलाइ निरन्तरता दिने प्रचलनलाइ तत्काल सच्चाइ विकास निर्माणलाइ तीव्रता दिन माननीय सभामुख मार्फत प्रदेश सरकारलाइ हार्दिक अपिल गर्दछु। माननीय सभामुखज्यू, भौतिक पूर्वाधार तथा विकास मन्त्रालय बाहेकको अन्य, अन्य मन्त्रालयको बजेट कसरी र कुन समिकरण बाट विनियोजन र कार्यान्वयन भएको छ? नेपालको संविधानको धारा, नेपालको संविधान, संविधान २०७२ को भाग

१४ धारा १७६ को (ख) को उपधारा ६ मा व्यवस्था भए अनुसार हामी प्रदेश सभामा उपस्थित छौं। संविधानमा व्यवस्था भए अनुसार हामी प्रत्यक्ष र समानुपातिक दुई प्रणालीबाट आएका हौं। तर यहाँ कार्यशैली गत रूपमा धेरै समस्याहरू छन्। प्रत्यक्ष र समानुपातिक सांसदको बिचको दरार कहिलेसम्म हुने प्रदेश सरकारलाई म यो प्रश्न गर्न चाहन्छु। समान, समानुपातिक सांसद पद भनेको सेरेमोनियल हो कि कार्यकारी हो यसको जवाफ पनि म प्रदेश सरकारलाई सभामुख मार्फत दिन अनुरोध गर्दछु र हामी नयाँ बजेट २०७६/७७ को पूर्व संध्यामा छौं। आगामी बजेटमा विगतमा जस्तो त्रुटिपूर्ण नहोस्। समानुपातिक र समावेशी हिसाबले बजेटको विनियोजन होस् भन्ने सुझाव दिंदै मेरो भनाई यहिं अन्त्य गर्छु। हस् त धन्यवाद ।

**माननीय सभामुखज्यू**

माननीय सदस्य श्री पुष्पा के.सी. भण्डारी । समय ७ मिनेट ।

**माननीय पुष्पा के.सी. भण्डारीज्यू**

माननीय सभामुख महोदय, सर्वप्रथम त २०७६ को मंगलमय शुभकामना प्रकट गर्दछु। यो वर्ष हामी सबैका निम्ति फलदायी हुन सकोस् । सभामुख महोदय, एउटा आर्थिक वर्षको समापनको संघारमा उभिएर अर्को आर्थिक वर्षलाई स्वागत गर्ने तरखरमा रहँदा, यो बितेको वर्ष हाम्रा लागि कस्तो रहयो त ? भनेर हेर्नैं पर्ने हुन्छ। यसरी पछाडी फर्केर हेर्दा कामै भएन, कामै भएन भनेर निकै गनगन गन्थन र गुनासा सुन्नु परे पनि कामै नभएको भन्ने थिएन। धेरै काम भएको छ । बाँझो बारी खनेर बँगैचा बनाउन पर्ने प्रदेशको अवस्था थियो। बाँझों बारि खन्न लाग्दा धुलो मैलो भयो भनेर काम भएन भन्नेहरू पनि नभएका होइनन् तर तेहि धुलो नउडाउन काम हुन सक्दैन तथ्यलाई भन्ने काम भएको र हुँदै गरेको हो

बुझ्न सकेको भए, धैर्यता गर्न सहज हुने थियो। यस्तो खाली गुनासोको हामीले पनि उत्तर दिंदै आयौ र प्रदेश सरकारले काम गर्दैछ नआत्तिनुहोस् भनेर अरूलाइ आफूले दिएको उत्तर र आफूलाइ आफूले दिएको उत्तरमा कति तालमेल छ त भनेर नियाल्दा पनि सरकारले आफ्नो उर्जालाई प्रदेशको जग बसाल्न भरपूर प्रयोग गरेको पाएं। पहिलो वर्ष हुनाले नीति नियमको तयारी नै प्राथमिक थियो। जुन कुरा थुप्रै नीति नियम पास गरेका हामीलाई विदित नै छ। प्रदेशको स्थिति पत्रले आफू कहाँ छौं भन्ने अवगत गराई गन्तव्य निर्धारणालाई सहजीकरण गर्दछ। त्यो तयार भएको छ र योजना पनि बनि सकेको छ। उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले निकालेको स्थिति पत्र, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले निकालेको कार्यविधिहरूको संगालो, आर्थिक मामिला तथा योजना मन्त्रालयले निकालेको गण्डकी प्रदेश आर्थिक, सामाजिक एवं पूर्वाधार विकासको अवस्था आदि थुप्रै दस्तावेजहरू निस्कि सकेका छन्। जसमा टेकेर अब योजनाहरू लागु गर्न सकिने छ। काम गर्न चाहिने कागजी कारवाही पूरा गर्न, गर्ने आधार बनी सकेकोले यो वर्ष नीति कार्यक्रम अनुसारका कतिपय कार्य सम्पन्न हुन सक्ने छैनन्। काम गर्न चाहिने कागजी कारवाही पूरा गर्ने आधार नबनी सकेकोले यो वर्षको कति नीति कार्यक्रमहरू सम्पन्न हुन सक्ने छैनन्। बजेट खर्च हुन सक्ने छैनन् तर त्यसमा निराश हुनु पर्ने स्थिति पनि छैन भन्ने मलाई लाग्दछ। कच्चा पदार्थलाई पाट पुर्जामा रूपान्तरित गरी गाडी बनाउन सक्नु र त्यो गाडीलाई २-४ किलोमिटर भाडा पनि चलाउन सक्नु पनि यो वर्षको सफलता हो। अझ गाडीमा गति भर्न २-४ महिना थप लाग्न सक्दछ। तर यो वर्ष गाडीले दौड लगाउँछ भन्ने म विश्वस्त छु। सरकारले काम गर्ने वातावरण बनाउँदा यो वर्षका सबै कार्यक्रम लागु गर्न नसके पनि यो ०७५/७६ का असल कामहरूलाई ०७६/७७ को बजेटमा पूर्ण समावेश गरी निरन्तरता दिइने छ

भन्नेमा म विश्वस्त छु। गत वर्षको नीति कार्यक्रमले व्यक्तिगत रूपमा मलाई सन्तुष्टि प्राप्त भएको थियो। अब आउने नीति कार्यक्रमले छुटपुटका कुरा पनि समावेश गरेर अगाडी बढन सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु। सभामुख महोदय, गण्डकी प्रदेश सरकारको एक वर्ष भन्ने पुस्तिकाले पनि यो एक वर्षमा सरकारले के काम गर्यो भन्ने कुरालाई दर्शाएको छ। समग्रमा भन्दा प्रदेश सरकारले धेरै काम गरेको छ। त्यसमा टेकेर अगाडी बढन आगामी वर्षहरूमा सहज हुने छ। यसो भनी रहँदा म सभामुखज्यू मार्फत सरकार समक्ष केही कुरा राख्ने अनुमति चाहन्छु। सभामुख महोदय, सरकारले आगामी वर्षको नीति कार्यक्रमहरू तय गर्दा विभिन्न अनुसन्धानमूलक संघसंस्थाहरूले गरेको सफल कार्यक्रमहरूलाइ आफ्नो कार्यक्रममा समावेश गरी प्रदेश भरी लागू गर्न सकेमा पूनः सोही कुराको अनुसन्धानमा सरकारको श्रोत खर्च गर्न नपर्ने हुन्छ। महिलामुखि कृषि कार्यक्रमहरूको पहिचान गरी त्यस्ता कार्यक्रमहरू समावेश गरी त्यससँग जोडिएका प्रविधि र सामाग्रीहरूको प्रयोगमा छुट पनि दिन सके अझ राम्रो हुने र महिलाको स्वास्थ्य र समयको बचत हुँदै आर्थिक लाभ हुने, हुन सक्ने थियो। पर्यटनमा महिलाहरूलाई प्रोत्साहित गर्ने खालका प्रशिक्षणहरू दिन सके आन्तरिक पर्यटन तथा अन्तरराष्ट्रिय पर्यटनलाई पनि टेवा पुग्ने छ। विदेशी अथवा भारतीय गाडीहरू पर्यटनस्थलसम्म नै लैजान पाउने हुँदा, स्थानीय सवारी चालकहरूले आफ्नो दानो मानो खोसिएको गुनासो गरेकोले यस तर्फ के कस्तो कुरा हो बुझि, हो भने बाहिरी गाडीलाई बसपार्कमा राखि आन्तरिक घुमफिरका लागि स्थानीय गाडीको प्रयोगलाई प्रोत्साहित गर्नु पर्ने हो कि? तर यसो गर्दा नेपालका गाडीहरूले भारतमा कसरी प्रवेश पाएका छन् भन्ने तर्फ पनि हेक्का राख्नु पर्ने हुन सक्छ। मैले जानकारी मात्र गराएं। पर्यटन प्रबन्ध, प्रवर्द्धनका निम्ति स्थानीय तवरमा नै मायाको चिनोहरू स्थानीय मेटेरियलको प्रयोग गरी बनाउन

सके, साना उद्योग र पर्यटन दुबै मौलाउन सक्ने हुन सक्थियो कि भन्ने सुझाव राख्दछु। सरकारले नागरिकहरूलाई विभिन्न क्षेत्रमा ऋण, लगानी, छुट आदि बारे कसरी लिने भन्ने तरिका थाहा नहुँदा पनि सुविधाबाट वञ्चित हुन परेको जनगुनासो सुन्नमा आएकोले यस बारे स्थानीय तवरमा एक-एक दिन प्रशिक्षण दिन सके महिलाहरूलाई कानूनले के के हक अधिकार र कर्तव्यहरू दिएको छ। सो बारे पनि सचेतना कार्यक्रमहरू राख्न सके बेस हुने भन्ने सुझाव पेश गर्दछु। यसका साथमा महिलाले घरमा रहेर उत्पादन र पुर्नउत्पादनमा गरेको योगदानको पनि सरकारले हिसाब राखोस् भन्ने म माग गर्दछु। अन्तमा कृषि, बिमा र कृषि बजारको उचित प्रवर्द्धन आजको आवश्यकता हो। युवालाई स्वदेशमा रोक्न, कृषिलाई आधुनिकिकरण गर्दै लैजानु पर्दछ। आधुनिक उपकरण र समयमा ज्याला लिई यसलाई भिन्न उँचाईमा पुऱ्याउन सक्दछ भने जडिबुटीको विकास र बजार अर्को भुल्न नहुने पाटो हो। धन्यवाद ।

**माननीय सभामुखज्यू**

माननीय सदस्य श्री रामजी प्रसाद वराल जीवन । समय १० मिनेट।

**माननीय रामजी प्रसाद वराल जीवनज्यू**

माननीय सभामुख महोदय, पोखरा यसै चर्चित नगरी छ। झन अहिले त गण्डकी प्रदेशको समेत राजधानी। पोखराको वरीपरी प्रकृतिले नै वरदान  दिएका मनोरम सम्पदाहरुले देशी विदेशीहरुलाई लोभ्याएको विदितै छ। झन गण्डकी प्रदेश सरकारले पर्यटनको हब नै बनाउने उदघोष गरेको छ। हालको निर्वाहमुखि व्यवस्थापनमै अल्झिएर हब बनाउने कुरा मिथ्या कुरा सपना बाहेक केही हुँदैन। आवश्यकताले भाषण र कुरामा छलाङ अस्विकार गरी सकेको छ। विवेकीय आँटको धरातलमा खडा हुँदै वर्तमानमा विकसित प्रविधिलाई साथमा लिएर मौसमी

पूर्वाधार होइन, पुस्तालाई धान्न थेग्न सक्ने पूर्वाधार अनिवार्य छ। खानेपानीको महत्व बुझेकै विषय हो । पोखरामा खानेपानीको व्यवस्थापन अति नै कमजोर मात्रै हइन, प्राप्त हुने पानी प्रयोग समेत ठीक ठीकै लाग्ने अर्थात शब्दका हिसाबले घिनै लाग्ने त न भनौ कारण धमिलो पानी आउने गर्दछ। भनेका छौं स्मार्ट सिटी अब धारामा नियमित सफा पानी वितरण पहिलो जिम्मेवारी हो सरकारको। यसका निम्ति हालको पानीको मुहानदेखि करिब ३ किलोमिटर मर्दिको सिरान लुम्ले वरिपरि उच्च प्रविधि प्रयोग गरि मुहानबाटै संग्लो पानी पठाउन आगामी वर्ष योजना बनाईयोस सरकारसँग जोडदार माग गर्दछु। साथै पोखराका महत्वपूर्ण र व्यस्त सडकमा दुबै तिर सवारी साधन पार्किङ्ग गर्ने क्रम बढदै जाँदा बजार शहर कुरुप, अस्तव्यस्त सबैको नजरमा छिपेको छैन। पर्यटकहरु यो दृश्य देख्दा दिक्क मान्छन्। भन्दैछौ हब बनाउने कुरा, कानूनी हिसाबले सडकको पार्किङ्ग वैद्य होइन होला। मुख्य मुख्य सडकको दुबै साइडमा रेलिङ्ग बार योजनामा समावेश गरियोस्। जुन कार्यले जेब्रा प्रयोग गर्न पैदल यात्रीहरु पनि बाध्य हुने छन् र यातासम्म ट्राफिक व्यवस्था पनि सहज हुने कुरा साथै शहर बजारको स्वरुप नै नयाँ देखिन्छ। आँट गरौ। गण्डकी प्रदेशको स्थिति पत्रमा नदिनालाको विवरण छुटेको रहेछ कि मैले देखिन। देख्न सकिन। विवरण राख्दा राम्रै हुने हो कि? सेति नदिको महत्व बारे डेलि विस्तार गर्नु पर्दैन। सबैलाई जगजाहेर नै छ, प्रदेशको राजधानीको बिचबाट चिरेर बगेको मात्रै होइन, दिन प्रतिदिन गहरिंदै, भासिदैं जाने क्रम बढेको छ। यस बारे बेलैमा गम्भिर भएनौं भने पोखराको भविष्य अल्पायुको हुने र कल्पनानै नगरेको क्षति निम्तिन सक्छ। सेति नदिको सिराननतिर महत्वपूर्ण बस्ति उर्वरा भूमिलाई पनि क्षति पुर्याई राखेको छ। गिट्टी बालुवाको अनियन्त्रित प्रयोगले आँशिक रुपमा गरिएका तटबन्ध झुण्डिएका छन्। साहसिक खेलदेखि लिएर उर्जा लगायत हुँदै

अन्य हिसाबले समेत यो महत्वपूर्ण सम्पदा ओझेलमा पर्न हुँदैन। सेति नदि एकीकृत गुरुयोजना आगामी वर्षको योजनामा समावेश गर्न विशेष माग गर्दछु। सभामुख महोदय, यो क्षेत्र विकासकोषको कुरा पनि आई राखेको छ। एकातिर भने, अर्कोतिर हामीले भनि राखेका छौ दिगो विकास। यसरी हेर्दाखेरि सबै निर्वाचित जनप्रतिनिधिहरुले क्षेत्र विकासकोषको प्रयोग गर्न पाउने कि नपाउने? मलाई के लाग्छ भने यदि हाम्रो दिगो विकासको लक्ष्य, उद्देश्य हो भने, त्यो दिगो विकासको लक्ष्य उद्देश्यलाई पूर्ति गर्नका निम्ति हामीले अपनाउनु पर्ने तरिकाहरु के हुन? वितरण प्रणाली तेति उचित होइन होला भन्ने मलाई लागेको छ। यदि सबै प्रतिनिधिहरुले पाउने खालको स्थिति हुन्छ भने, वडाका सदस्यहरु पनि निर्वाचित मान्छेहरु हुन। ति वडाका सदस्यहरुले पनि पाउनु पर्छ भनेर भोलि कसैले भन्यो भने नाइ नास्ति भन्ने ठाउँ रहन्छ कि रहँदैन विशेष हिसाबले सरकारको ध्यान जाओस् भन्ने मेरो विषयमा अब भनाई रहेको छ र अन्त्यमा यो विधेयक अधिवेशन स्वाभाविक रुपमा एक ढंगले सफल भएको महसुस मैले गरेको छु र आगामी दिनमा जो बजेट अधिवेशन आउँदैछ। हामीले बुझेका पनि छौं, विगतको भन्दा बढि व्यवस्थित हुनेछ। प्रदेश नीति योजना आयोग बनेको छ। त्यो नीति योजना आयोगले धेरै मिहिनेतको गरेको कुरा पनि हामीले थाहा पाएका छौं। यसर्थ, आज सायद अधिवेशन अन्त्य पनि हुँदैछ होला यो विधेयक अधिवेशन। म सरकारलाई धेरै धेरै धन्यवाद दिंदै, आगामी दिनमा जो बजेट अधिवेशन धेरै व्यवस्थित हिसाबले आउने छ। हामी सबैका आवश्यकताहरुलाई सम्बोधन गर्ने हिसाबले आउने छ। भन्ने अपेक्षा गर्दै प्रतिपक्ष, सत्तापक्षको बिचमा मूल रुपमा यो अधिवेशनमा सापेक्षिक एकता रहेको देखियो र आगामी बजेट अधिवेशनमा पनि त्यसले अझ अ संवृद्ध बन्ने खालको अवसर अ प्रदान गर्ने छ ।

हामी त्यो वातावरण बनाउने छौं भन्ने अपेक्षा सहित नववर्षको हार्दिक शुभकामना सहित अब मेरा भनाई अन्त्य गर्छु । धन्यवाद ।

**माननीय सदस्य श्री विनोद के.सी. । समय ७ मिनेट ।**

सभामुख महोदय, सर्वप्रथम त म अहिले हामी म्याग्दी जिल्लावासीहरु नयाँ परिचयको रुपमा हामी उभिएका छौं र म्याग्दी बासीहरु हामीहरु एउटा हर्षित अवस्थामा छौं। यति बेला नेपाल सरकारले, ने नेपाल सरकारभित्र रहेका २० वटा हिमाली जिल्लाहरुमा २१ नम्बरमा म्याग्दीलाई हिमाली जिल्ला, जिल्लामा नेपाल सरकारले घोषणा गरेको छ। तेस्को लागि प्रस्तावमा हिमाली जिल्ला प्रस्ताव प्रस्तावमा पठाउने प्रदेश सरकार र हिमाली जिल्लाको रुपमा घोषित गर्ने संघ सरकारलाई म हार्दिक आभार व्यक्त व्यक्त गर्न चाहन्छु, धन्यवाद दिन चाहन्छु र विशेष ध्यानाकर्षण पनि म के भन्न चाहन्छु भने म्याग्दीमा अनगिनती हिमालहरु, गण्डकी प्रदेशकै अग्रहिमाल धौलागिरी हिमाल, अन्नपूर्ण, नीलगिरी, मानापाती, गुर्जा, बडा शिव जस्ता अनेकौं, दर्जनौं हिमाल हुँदा हुँदै पनि हामीहरु हिमाली जिल्लाको नम्बर पाई राखेका थिएनौं बल्ल हामी यति बेला संघीय सरकारको पालामा हामी हिमाल जिल्ला घोषणा गर्न पाएकाछौं। हर्षित भएका छौं र मैले विशेष ध्यानाकर्षण के गर्न चा चाहन्छु भने अब हिमाली जिल्ला त भयो र हाम्रो हिमाल पर्यटनसँग तेति नै जोडिएको र पर्यटनसँग रिलेटिभ भएको हुनाले त्यहि अनुसारको प्रदेशसँग संघ सरकारले योजना बनाउने छ भन्ने म विश्वस्त छु। विशेष गरी हिजो संघीय प्रणालीबाट राज्य पुर्नसंरचना गर्ने बेला जुन बेलामा एउटा जनसंख्याको र त्यहाँको भुगोलको आधारमा चाँहि त्यो राज्यपुर्नसंरचना गरियो। म्याग्दीमा वास्तवमा एकदम अप्ठयारो अवस्थामा स्थानीय चुनाव हुने कि नहुने? प्रदेश संघको चुनाव हुने नहुने? भन्ने अवस्था रहे धेरै ठूलो आन्दोलनको, धेरै

अप्ठयारोको बावजुद बन्यो त्यो कारण के थियो भने यो गाउँपालिका केन्द्र जहाँ राखिनु पर्ने एउटा हिमालमुनि भएको गाउँ र यता कालीगण्डकी तिरमा भएको गाउँ जोडन गाउपालिकामा सारै अप्ठयारो हुने भएकाले हामी त्यहाँका तत्कालीन राजनीतिक दलका प्रतिनिधिले हामीले के जनतालाई आश्वासन गरेका थियौं भने अब म्याग्दीलाई एउटा हिमाली जिल्लाको रुपमा घोषित गर्यौं भने त्यहाँको विशेषता, त्यहाँको ऐतिहासिकता, त्यहाँको भौगिलिकता, त्यहाँको जनसंख्याको आधारमा रहने एउटा विशेष क्षेत्राअधिकार अथवा त्यहाँ त्यसलाई विशेष स्वायत्त क्षेत्र घोषणा गर्न सकिने संघीय सरकारमा एउटा प्रावधान भएको हुनाले यस ठाउँमा विशेष गरि म्याग्दि जिल्लाको रघुगंगा गाउँपालिकामा रहेको विशेषत त्यहाँ अल्पसंख्यक जाति, जो जाति हिमालको मुनि बस्ने र गाउँपालिका केन्द्र आउनु उहाँहरुलाई यति भनौं सदरमुकाम घुमेर हिजोको जिल्ला सदरमुकाममा भन्दा अप्ठयारो पर्ने अवस्था रहेको र त्यो गाउँपालिका केन्द्रमा आउन सारै अप्ठयारो भएको हुनाले, हाम्रो प्रदेश सरकारले त्यस प्रति अलिकति ध्यान दिएर, अब त्यसलाई विशेषत स्वायत्त क्षेत्रहरुमा गाउँपालिकाको सेवा सुविधा त्यहाँका जनतालाई पाउने खालको के सुविधा हुन्छ त्यहाँनिर हाम्रो यो प्रदेश सरकारले विशेष पहल गर्ने छ भन्ने मलाई गर्नेछ र त्यो पहलकदमी लियोस् भन्ने हार्दिक अनुरोध र अपिल गर्दै र विशेष गरी म पहिलो सदनमा आएर यि विषयवस्तुहरु उठाएको थिएं र आज शुरुवात भएको छ । त्यसै गरि अझ गम्भिर विषयमा मैले पहिलो चोटि पनि यो उठाएको थिएं यो रघुगंगा गाउपालिका क्षेत्रभित्रमा विशेष गरि हिजो राजा महाराजको पालामा जो गुठिको रुपमा चाँहि जनताले हिजो आफ्नै गाउँमा रहेको जमिनलाई गुठिको रुपमा प्रयोग गरेर अ दुई तीन सय वर्ष त्यहि यो गुठिमा जनताको पक्षमा रहेको नरहेकोले त्यहाँका जनता सारै मर्माहित भएको र अहिले कुनै बैंकतिर ऋण लिन नसक्ने, कुनै सरकारले दिएको सेवा सुविधा

लिन नसक्ने अथवा आफ्नो अंशबण्डा गर्न नसक्ने, आफ्नो जमिन भएर पनि एउटा सुकुम्वासीको रुपमा चाँहि जनताहरु त्यहाँ बस्ने अवस्था भएको हुनाले यस विषयमा एक वर्षको कार्यकालमा मैले माननीय मन्त्रीज्यू यस सम्बन्धी मन्त्रीलाई पनि मैले धेरै पटक ध्यानाकर्षण गराई सकेको छु र प्रदेश सरकारको एकल २१ वटा एकल अधिकार भित्र यो गुठी ऐन पनि पर्ने भएको हुनाले म हार्दिक अपिल के गर्न चाहन्छु भने यस बारेमा माननीय मुख्यमन्त्री पनि त्यो ठाउँमा गएर त्यहाँका जनतासँग प्रत्यक्ष भेटिसम्म भएकोछ र हामी जनप्रतिनिधिहरु त्यहाँ जाँदै गर्दा  नि हामीले बिजुली ल्याइयो, बाटो ल्याइयो बत्ति ल्याइयो भनेर जनताले खुशी मान्ने अवस्था छैन। हामीले कहिले सुकुम्वासीबाट हामीलाई एउटा आफ्नो जग्गाको मालिक बनाउनु हुन्छ। अझ हामी पिंजडामा बसेका छौं। जनतालाई पहिले हामीलाई कहिले पिंजडाबाट बाहिर निकाल्नु हुन्छ यो प्रश्नले हामी जनप्रतिनिधिलाई वास्तवमा सारै अप्ठयारो भएकोहुनाले यो गुठि समस्या जुन छ। म्याग्दीमा अठ्ठाइस हजार रोपनी भन्दा बढि भएको, सात हजार भन्दा बढि जनताहरु त्यहाँबाट प्रभावित भएको र  विशेषत गरी रघुगंगा,  पिप्ले, भगवती र दोबाका जनता विशेषत मारमा रहेको हुनाले, त्यहाँ निर विशेष ध्यान दिई ध्यान दिई प्रदेश सरकारले यो गुठिको ऐन बनाई ति जनताहरुलाई स्वतःस्फूर्त रुपबाट आफ्नो जमिन जनताकै पक्षमा मिलाउन एउटा हार्दिक पहल यो एउटा सक्रिय पहलकदमी लियोस्। यो एउटा पिंजडामा थुनिएको एउटा पँक्षिलाई बाहिर निकाले जस्तो जुन आनन्दको फिल हुन्छ त्यो खालको जनतालाई त्यो खालको वातावरण बनाओस् भन्ने हार्दिक अनुरोध र अपिल गर्दै मेरो भनाई यहिं अन्त्य गर्छु। धन्यवाद ।

माननीय सदस्यहरु अव, माननीय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङलाई सभालाई सम्बोधन गर्न आग्रह गर्दछु ।

1. माननीय सभामुख महोदय, सर्वप्रथम नववर्ष २०७६ को उपलक्ष्यमा सबैमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु। हामीबाट भर्खरै विदाई भएको २०७५ सालका सकारात्मक र नकारात्मक दुबै पक्षबाट शिक्षा लिंदै नयाँ जोश जाँगर र सिर्जनाका साथ आ-आफ्नो कार्यक्षेत्रमा लाग्न, राष्ट्रले दिएको लिएको संमृद्ध नेपाल र सुखी नेपालीको महान लक्ष्यलाई मूर्त रुप दिन हामी यहाँ छौं जहाँ छौं त्यहिंबाट हामीले जति सक्दो योगदान पुर्याउन हामीले २०७६ को ७६ ले हामीलाई प्रेरणा प्रदान गरोस् भन्ने शुभकामना दिन चाहन्छु। सभामुख महोदय, गण्डकी प्रदेशका सांसद माननीय टेक बहादुर घर्तिको असामायिक निधन भएकोछ। म उहाँ प्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु। भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दै आफ्नो भनाई राख्न अनुमति चाहन्छु। गण्डकी प्रदेश सरकारको नीति अ सरकारका लागि विभिन्न चुनौतिका बावजुद २०७५ साल मूलतः गण्डकी प्रदेशको विकास र संमृद्धिको लागि जग निर्माणको महत्वपूर्ण वर्षको रुपमा रहयो। प्रदेशको विकास र संमृद्धिमा २०७५ सालमा थोरै मात्रै मिठाहरु थपिएको देखिएता पनि हामीले हालसम्म निर्माण गरेका कानुन र संरचनागत जगमा विकास र संमृद्धिका महत्वपूर्ण कार्यहरु गर्न हामी आगामी दिनमा सफल हुने छौं भन्ने पूर्ण विश्वास सहित प्रतिबद्धता व्यक्त गर्न चाहन्छु। यसको लागि प्रदेश सरकारलाई यहाँ हामीले दिंदै आउनु भएको साथ समर्थन र रचनात्मक सुझाव अटुट रुपमा प्राप्त भयो र रहने छ भन्ने अपेक्षा सहित सबल र संमृद्ध गण्डकी प्रदेश बनाएर छाड्ने प्रतिबद्धता म यहाँहरु समक्ष पुनः दोहोरार्याउन चाहन्छु। प्रदेश सभाको गठन भै सरकार बनेको १ वर्ष २ महिनाको अवधि पुरा भएको छ। नेपालको लागि नवीन प्रयोगको रुपमा संघीय शासन प्रणालीको अभ्यास

प्रति प्रदेशको नागरिकको जीवन स्तरमा सुधार गर्न तथा विकास र संमृद्धिको लक्ष्य पूरा गर्न प्रदेश सरकार दृढ संकल्पका साथ अगाडी बढी रहेको छ। यस प्रदेशलाई गण्डकी प्रदेश नामाङ्कंन गर्ने तथा राजधानी पोखरा निर्धारण गर्ने जस्तो महत्वपूर्ण निर्णय गरि हामीले सहमतिको आधारमा अगाडी बढने सन्देश दिई सकेका छौं। नयाँ संरचना अनुसार आवश्यक पर्ने भौतिक संरचनाको व्यवस्थापन, आवश्यक जनशक्तिको व्यवस्थापन, आवश्यक नीति तथा कानून र कार्यविधिको निर्माण गर्दै प्रदेश सरकारले आफ्नो कार्यसम्पादन गर्दै आएको छ। विकास र सुशासनको जनअपेक्षालाई सम्बोधन गर्न प्रदेश सरकारले आफ्नो आधार स्तम्भको रुपमा प्रदेशको नीति, प्रदेश सरकारको नीति कार्यक्रम र बजेट मार्फत विकासको मार्गचित्र प्रस्तुत गरि सकेको छ। यहि परिपेक्ष्यमा नेपाल सरकारले लिएको संमृद्ध नेपाल, सुखी नेपालीको नारालाई साकार पार्ने लक्ष्य हासिल गर्न, नेपाल सरकारसँग हातेमालो गर्दै अगाडी बढन प्रदेश सरकार पूर्ण रुपमा प्रतिबद्ध रहेको जानकारी गराउन चाहन्छु। सभामुख महोदय, अब म सरकारले विगत १४ महिनाको अवधिमा सम्पन्न गरेका कार्यहरु संक्षिप्त रुपमा म यहाँ सम्मानित सदनमा प्रस्तुत गर्न चाहन्छु। हालसम्म प्रदेश सभाबाट २४ वटा ऐन जारी भै सकेका छन् र ३ वटा विधेयक प्रदेश सभामा विचाराधीन छन्। जुन यो प्रदेश सभाालई जानकारी भएकै विषय हो। बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि विभिन्न मन्त्रालयसँग सम्बन्धित १४३ वटा कार्यविधिहरु निर्देशिकाहरु स्विकृत भै कार्यान्वयनमा आएका छन्। आर्थिक वर्ष २०७५/०७६ देखि २०७७/७८ सम्मको लागि  मध्यमकालीन संरचना तयार गरिएको छ। आजसम्म कुनै प्रदेशले तयार गरेको छैन। यो हामीले मात्रै हो तयार

गरेका छौं। प्रदेश नीति तथा योजना आयोगको गठन भै देहाय बमोजिम कार्य सम्पन्न भएका छन्। प्रदेशको सामाजिक आर्थिक विकासको लेखाजोखाहरुको चित्रण गर्ने स्थितिपत्र र आवधिक योजना तर्जुमाको लागि प्रारम्भिक प्रतिवेदन प्रकाशन गरी ११ वटै जिल्लाहरुबाट आवधिक योजना तर्जुमा गर्न सुझाव संकलन गरिएको छ। आवधिक योजना निर्माण गर्न प्रदेश कार्यशाला सम्पन्न भएको छ। प्रदेशको आवधिक योजनाको मस्यौदा तयार गरी राष्ट्रिय योजना आयोगले तयार गरेको पन्ध्रौं पञ्चवर्षीय योजनाको र प्रदेशले तयार गरि, गरी रहको प्रथम पञ्चवर्षीय योजनाको मस्यौदा संयुक्त रुपमा संयुक्त रुपमा प्रदेश समन्वय परिषद्मा प्रस्तुत गरी सुझाव संकलन गरिएको छ। प्रदेशको दिगो विकास लक्ष्यको आधार वर्ष प्रतिवेदनको मस्यौदा  तयार गरिएको छ। स्थानीय तहमा योजना तर्जुमा गर्नका लागि श्रोत पुस्तिका तयार गरी स्थानीय तहका उपप्रमुख, कार्यकारी अधिकृत, योजना अधिकृत र जिल्ला समन्वय समितिका समन्वय अधिकारीलाई स्थानीय तहमा आवधिक रुपमा योजना तर्जुमा सम्बन्धी कार्यशाला, उहाँहरुको कार्यशाला सम्पन्न भएकोछ। बजेट तथा आर्थिक अभियान कार्यान्वयनको लागि प्रदेश भित्रका ११ वटै जिल्लाका स्थानीय तहसँग छलफल र अन्तरक्रिया सम्पन्न गरिएको छ। मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेश विपद् व्यवस्थापन समिति र आन्तरिक मामिला तथा कानून मन्त्रीको संयोजकत्वमा प्रदेश विपद् कार्यकारी समिति गठन गरी काम भै रहेको जानकारी गराउन चाहन्छु। प्रदेश विपद् व्यवस्थापन कोषको गठन गरी, सो कोषमा २ करोड जम्मा गरिएको छ। विपद् व्यवस्थापन,  विपद् पूर्व सूचना प्रणाली सम्बन्धी  पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गरिएको छ र प्रदेशको विपद् जोखिमसँग नक्शाङ्कनको काम भै रहेको छ। बाग्लुङ.

जिल्लाको ढोरपाटनमा आगोलागिबाट पिडित ३८ घर परिवारलाई प्रति घरधुरी रु.दश हजारको दरले  राहत वितरण गरिएको छ। हालसालै आएको आँधिबेरीका कारण २ नम्बर प्रदेशको बारा र पर्सा जिल्लामा भएको धनजनको क्षति प्रति गहिरो दुख व्यक्त गर्दै प्रदेश सरकारको तर्फबाट रु. एक करोड सहयोग गर्ने निर्णय गरेको छ र हिमपातका कारण मुस्ताङ्गमा जुनखालको संकट पैदा भएको छ। त्यसको लागि हामी राहत प्रदान गर्नका लागि होमवर्क गर्दछौं। यो कुरा पनि म यहाँ जानकारी गराउन चाहन्छु।सभामुख महोदय, प्रदेश सरकारको कार्यसम्पादनमा सघाउ पुर्याउन मुख्यमन्त्रीको संयोजकत्वमा राजनीतिक प्रदेश समिति र प्रादेशिक विकास र सुशासन प्रवर्द्धन समिति, आन्तरिक मामिला तथा कानून मन्त्रीको संयोजकत्वमा प्रशासन तथा विधेयक समिति, कानून मस्यौदा समिति र आर्थिक मामिला तथा योजना मन्त्रीको संयोजकत्वमा आर्थिक, सामाजिक तथा पूर्वाधार समिति क्रियाशील छन्। प्रदेश र स्थानीय तहले सम्पादन गर्ने कार्यमा समन्वय कायम गर्न मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश समन्वय परिषद् गठन भै दुई वटा बैठक सम्पन्न भएका छन्। प्रदेश समन्वय परिषद्को बैठक सञ्चालन कार्यविधि स्विकृत गरी प्रदेश र स्थानीय तह बिच अझ प्रभावकारी ढंगले समन्वय कायम गर्नको लागि मुख्यमन्त्रीको संयोजकत्वमा गण्डकी प्रदेश समन्वय परिषद सहजीकरण समिति, गण्डकी प्रदेशको मुख्य-न्यायाधिवक्ताको संयोजकत्वमा स्थानीय तहमा कानून तर्जुमा सहजीकरण समिति एवं गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा स्थानीय तहमा योजना तर्जुमा सहजीकरण समिति गठन भै क्रियाशील रहेका छन्। स्थानीय तह र प्रदेश सरकारको बिचको योजना निर्माण र कानून तर्जुमाका सन्दर्भमा एकरुपता कायम होस्

भन्ने कुरामा प्रदेश समन्वय परिषद्को तर्फबाट निर्णय गरेको कुरा म यहाँहरु समक्ष जानकारी गराउन चाहन्छु। प्रदेशको शान्ति सुरक्षालाई मजबुत बनाउन र सुरक्षा प्रणालीलाई जवाफदेही बनाउन आन्तरिक मामिला तथा कानून मन्त्रीको संयोजकत्वमा प्रादेशिक सुरक्षा समन्वय समिति गठन भै क्रियाशील रहेकोछ। प्रदेश सरकारको काममा एकरुपता ल्याउने र संघीय कार्यान्वयनको विभिन्न पक्षको अनुभव आदान प्रदान गर्ने अभिप्रायले मुख्यमन्त्रीहरुको प्रथम बैठक पोखरामा सम्पन्न भएको कुरा यहाँहरुलाई जानकारी छँदैछ। प्रधानमन्त्रीको अध्यक्षतामा बसेको अन्तरपरिषद् दुई वटा बैठकमा मुख्यमन्त्री तथा मुख्य, प्रमुख सचिवको सहभागिता रहेको र दोश्रो बैठकबाट २९ बुँदे संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजना तयार गरिएको छ । मित्र राष्ट्र चीनको हेनान प्रान्त र गण्डकी प्रदेश बिच भगिनि सम्बन्ध स्थापना भै दुबै पक्ष दुबै पक्षको हितका लागि भ्रमण आदान प्रदान गर्ने गरिएको छ । गण्डकी प्रदेशको तर्फबाट मुख्यमन्त्रीको नेतृत्वमा प्रमुख सचिव, प्रदेश नीति योजनाको उपाध्यक्ष, मुख्यन्यायाधिवक्ता सहितको टोलीले चिनको हेनान प्रान्तको भ्रमण गरेको थियो । हेनान प्रान्तको तर्फबाट डेपुटि गभर्नर श्री छेउजुनको नेतृत्वमा ६ सदस्यीय टोलीले गण्डकी प्रदेशको भ्रमण गरेको थियो। यसै गरी दुई पक्षीय व्यापारिक तथा साँस्कृतिक प्रतिनिधिमण्डलको भ्रमण सम्पन्न भएको छ। पोखरा महानगरपालिकाको चक्रपथ र मोहडे सञ्चालनको पूर्वाधार निर्माण गर्न चिनियाँ कम्पनीसँग सम्झौता गर्ने स्वीकृति लागि नेपाल सरकारसँग अनुरोध गरिएकोमा चिनियाँ कम्पनीले नै खर्च बेहोर्ने शर्तमा सम्भाव्यता अध्ययन र विशेष परियोजना तयार गर्न अनुमति प्राप्त भएकोछ। सहमति पत्रमा हस्ताक्षर गर्ने अन्तिम तयारी भएकोछ। गण्डकी गाई पालन र अनुसन्धान

केन्द्र स्थापनाको लागि चिनियाँ कम्पनीसँग नेपाल सरकारको स्विकृतिमा सम्झौता गरिएकोछ। प्रदेश गौरवको आयोजनाको रुपमा पोखरा रहेको, पोखरा-दुम्किवास सडक खण्डलाई द्रुत मार्गको रुपमा निर्माण गर्न चिनियाँ कम्पनीबाट सम्भाव्यता अध्ययन गराउने काममा काम प्रारम्भिक चरणमा रहेको जानकारी गराउन चाहन्छु। सडक तर्फ छत्तिस वटा एक निर्वाचन क्षेत्र एक सडक र एघार वटा क वर्गका सडकहरु मध्ये पाँच वटा सडकहरुको बहुवर्षीय ठेक्का कार्यान्वयन प्रक्रिया अगाडी बढी रहेको छ । दश वटा सडकको बहुवर्षीय ठेक्का व्यवस्था बमोजिम बोलपत्र मूल्याङ्कन भई ठेक्का सम्झौताको चरणमा रहेको छ र पन्ध्र वटा सडकहरुको विशेष आयोजना प्रतिवेदन तयार गरी तुरन्त बोलपत्र आव्हान हुने चरणमा रहेको छ भने बाँकि सडकहरु विशेष आयोजना तयारी भएकोछ। प्रादेशिक सडक खण्ड, सडक ख र ग वर्गका १५८ वटा सडकहरु मध्ये १४५ वटा सडकहरुको ठेक्का सम्झौता भई उपभोक्ता समिति मार्फत कार्यान्वयन भई राखेका छन्। प्रदेश र स्थानीय तहको साझेदारीमा आयोजना संचालन गर्न ११९ वटा सडक आयोजनाहरु साझेदारीमा कार्यान्वयन गर्न स्थानीय तहमा पठाइएकोमा केही स्थानीय तहले लागत सहभागिता गर्न नसकिने भनी लेखि आएकोमा प्रदेश सरकार मार्फत नै कार्यान्वयन गरी रहेकाछन्। सडक पुल तर्फ ६ वटा पुलको ठेक्का सम्झौता भई निर्माण कार्य शुरु भएको। १४ वटा सडक पुलको ठेक्का आव्हान भई सम्झौता हुने अवस्थामा रहेको। १७ वटा सडक पुलहरुको विशेष त्यो आयोजना प्रतिवेदन तयार भई ठेक्का प्रकृयामा रहेको र २५ वटा सडक पुलहरु विशेष आयोजना प्रतिवेदन तयार गर्नको लागि परामर्श छनौट गर्ने कार्य अन्तिम चरणमा पुगेको जानकारी गराउन चाहन्छु। सभामुख महोदय, कास्कीको मसौदी सडक पुल निर्माण

कार्य सम्पन्न भई २०७५ चैत्र १३ गते उद्घाटन भएको र लमजुङ्गको बराङ्गखोलामा सडकपुल सम्पन्न भई २०७५ चैत्र १८ गते उद्घाटन गरिएकोछ। संघबाट हस्तान्तरित ४१ वटा सडकपुल मध्ये ७ वटा सडकपुलहरुको निर्माण कार्य सम्पन्न भई सकेकोछ। झोलुङ्गे पुल तर्फ १५ वटा झोलुङ्गे पुलको विस्तृत आयोजना प्रतिवेदन तयार भई ठेक्का आव्हान भई सकेको र ४९, ५० वटा पुल झोलुङ्गे पुलको विस्तृत आयोजना प्रतिवेदन तयारी भई बोलपत्र आव्हानको अन्तिम चरणमा रहेकोछ। यातायात व्यवस्था कार्यालयले सवारी चालक अनुमति पत्र दिने कार्यमा टोकन प्रणाली शुरु गरि सेवाग्राहीलाई प्रदान गर्ने सेवामा सहजता प्रदान गरिएकोछ। नवलपरासी बर्दघाट सुस्तापूर्वको कावासोतीमा नयाँ यातायात व्यवस्था सेवा व्यवस्था सेवा कार्यालय संचालन स्थापना गरी सेवा प्रवाह प्रारम्भ गरिएको छ।यस प्रदेशका सबै स्थानीय तहको केन्द्रमा सडक संचालन पुर्याउनको लागि हालसम्म सडक सञ्जालले नछोएको गोरखाको चुमनुब्री र मनाङ्गको नार्पा भूमिका केन्द्रमा सडक पुर्याउने लक्ष्य लिई कार्य प्रारम्भ भएको।गोरखाको रुप्से भन्जाङ्ग सडक निर्माणको लागि निर्माण सामाग्री उपकरणको लागि चिनियाँ सरकारलाई अनुमति का लागि केन्द्र सरकारलाई अनुरोध गरिएको छ ।सडक संजाल पुर्याउने लक्ष्य लिई कार्य प्रारम्भ भएकोछ। गोरखाको रेलुङ्ग भन्जाङ्ग निर्माण सामाग्री उपकरणको लागि चिनियाँ सरकारसँग सहमतिका लागि नेपाल सरकारलाई अनुरोध गरिएको छ।सिंचाई तर्फ ४९ वटा र नदि नियन्त्रण तर्फ ६९ वटा गरी जम्मा ११८ वटा आयोजनाको लागि ठेक्का सम्झौता भएको छ।८ वटा सिंचाई योजनाहरुको कार्य सम्पन्न भई थप केही हेक्टर जमिन सिंचित भएको र ३०० हेक्टर कमाण्ड एरियामा मर्मत गरेर सम्पन्न भएको छ।

साविक कार्यालय र कालीमाटी डिप ट्यूबवेल सिंचाई आयोजनाको विस्तृत अध्ययन सम्भाव्यता अध्ययन सम्पन्न सम्पन्न भएको छ। चालु आर्थिक वर्षमा कार्यान्वयन गर्नु पर्ने ६९वटा सिंचाई आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गरि सकेकोछ। नवलपरासी जिल्लामा तीन वटा मेशिन बिल टु बिल आयोजना सम्पन्न भई थप ६५ हेक्टर जमिनमा सिंचाई सुविधा पुगेको छ भने ४ वटा आयोजनाहरुको ठेक्का आव्हान भई सकेकोछ। खानेपानी तर्फ ५५० वटा आयोजना कार्यान्वयनका लागि सम्झौता ठेक्का भई सकेको र ८१ वटा आयोजनाहरुको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गरिएकोछ। सार्वजनिक क्षेत्रमा उत्पादन हुने फोहोर मैलाको उचित व्यवस्थापन गर्न स्थानीय तहसँग सहकार्यमा स्यानेटरी ल्याण्ड फिल्ड साइट निर्माणको लागि सम्भाव्यता अध्ययन कार्य सम्पन्न गरिएकोछ। गोरखा जिल्लाको लिफ्टिङ्ग खानेपानी योजना र स्याङ्गजा जिल्ला ताप्के खानेपानी आयोजना ताप्के र बेलचौर लिफ्टिङ्ग खानेपानी आयोजना सम्पन्न भएकाछन्। प्रदेशबाट संचालित सबै आयोजनाहरुको आर्थिक वर्ष २०७५/७६ को लागि आवश्यक पाइप फिटिङ्ग लगायतका सामाग्रीहरु खरिदका लागि ठेक्का आव्हान गरी सकेकोछ। प्रदेश सरकारले हालसम्म ४०७६ घरधुरीहरुमा एक घर एक धारा निर्माण गरी सकेको छ। सभामुख महोदय दुई वर्ष भित्र गण्डकी प्रदेशलाई उज्यालो प्रदेश  घोषणा गर्ने नीति अनुसार प्रदेश भित्र पुग्ने पुगेका स्थान पहिचान गरी सकेकोछ। विद्युत पुर्याउन कठिन हुने करिब १५०० घर परिवारमा यसै वर्ष सौर्यउर्जा पुर्याउने गरी बोलपत्र आव्हान भएको छ। पाँच वर्ष भित्र काठे पुल विस्थापन गर्ने कार्यक्रम अनुसार प्रत्येक स्थानीय तहमा आवश्यक पोलहरुको तथ्याङ्क संकलन भई सकेको

साथै स्थिर पोल खरिदका लागि तयारी समेत भई सकेकोछ। प्रदेशभित्रका स्थानीय तहको सहलगानीमा बहुउद्देश्यीय परियोजना निर्माणका लागि ३० स्थान पहिचान भई निर्माण कार्य अगाडी बढाइएको छ।पोखरा महानगरपालिकासँगको तयारीमा स्मार्ट शौचालय र नगरपालिकाहरुसँगको साझेदारीमा सार्वजनिक शौचालय निर्माणको लागि कार्य अगाडी बढाइएको छ। प्रदेशलाई ११९ वटा १६ वडाहरुमा स्वास्थ्य चौकी निर्माणको लागि तोकिएको वडाहरुमा जग्गा प्राप्त गर्ने कार्य भई राखेकोछ। प्रदेश सरकारको कार्य संचालनलाई चुस्त र दुरुस्त बनाउन मन्त्रीपरिषदबाट विद्युतीय सुशासनको गुरुयोजनाको आधारपत्र स्विकृत भएकोछ। विकास आयोजनाहरुको प्रभावकारी अनुगमन गर्ने। विकास निर्माणका कार्यहरुमा ढिलासुस्ती हुन सक्ने। ढिला सुस्ती रोक्ने, विकास निर्माणमा आई सक्ने समस्यालाई समयमै सम्बोधन गरी विकास कार्य छिटो छरितो र गुणस्तरीय बनाउन उद्देश्यले मुख्यमन्त्रीको प्रत्यक्ष निर्देशनमा रहने गरी विशेष कक्ष वाररुम प्रारम्भ भएकोछ।संवत् २०७५ साल भा भाद्र ४ गतेदेखि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा हेलो मुख्यमन्त्री कक्ष संचालन गरिएको छ। उक्त कक्षमा अहिलेसम्म प्राप्त भएका ४४७ वटा गुनासाहरु मध्ये २३२ गुना ३२ वटा गुनासा फछ्यौट भएका र २१५ वटा फछ्यौटको क्रममा रहेका छन्। गण्डकी विश्वविद्यालय गण्डकी प्राविधिक प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको विधेयकको अन्तिम मस्यौदा छलफलको क्रममा रहेकोछ। गण्डकी विश्वविद्यालयको संचालनको ढाँचा अध्ययन गर्न एक उच्च स्तरीय कार्यदल गठन भई अध्ययन प्रतिवेदन प्रदेश सरकारलाई पेश गरेकोछ। गण्डकी विश्वविद्यालय शुक्लागण्डकी नगरपालिकामा आयुर्वेद अस्पताल पोखरा महानगरपालिकाको

वडा नं. १६ मा गण्डकी प्राविधिक प्रतिष्ठान स्याङ्गजाको फेदिखोला गाउँपालिका गुडाकोटको स्थापना गर्ने भएको छ। चीनको हैनान प्रान्त सरकारले प्राविधिक विषय अध्ययनको लागि प्रति वर्ष ४ जनाको दरले ५ वर्षमा २० जना छात्रवृत्ति दिने सहमति गरेकोमा यस वर्ष प्राप्त ४ जनाको स्वीकृतका लागि मनोनित र स्वीकृत गरि यस वर्ष ४ जना छनौट भएका छन्। बहुसाँस्कृतिक ग्राम कास्कीको अन्नपूर्ण गाउँपालिकाको बहुसाँस्कृतिक ग्राम कास्कीको संरचना निर्माण गर्नको लागि अन्नपू गाउँपालिकामा रहेको जग्गा प्राप्तिको लागि नेपाल सरकारलाई अनुरोध गरिएकोछ।प्रदेशमा खाद्य सुरक्षा र पोषणको क्षेत्रमा सुधार गर्न प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा नेपाल सरकारको सुझाव बमोजिम प्रदेश खाद्य सुरक्षा समिति गठन गरिएकोछ।अस्पताल व्यवस्थापन समितिको गठन आदेश २०७५ जारी भई सोही बमोजिम ९ वटा अस्पतालमा व्यवस्थापन समिति निर्माण भएर क्रियाशील भएका छन्। संवत् २०७५ साल भदौ १३ गते गण्डकी प्रदेशलाई खोप पूर्ण खोप सुनिश्चित प्रदेश घोषणा गरिएकोछ।पर्वतको डिमुवा स्याङ्गजाको वालिङ्ग र तनहुँको दमौलीमा हाइवे मोबाइल अस्पताल स्थापनाको लागि स्थलगत अध्ययन गरी संचालन कार्यविधि तयार गरी कार्य प्रारम्भ गरिएकोछ।जटिल अवस्थाका सुत्खेरि तथा गर्भवती महिलाको जीवन रक्षाको लागि एअर लिफ्टिङ्ग गर्ने कार्य शुरुवात गरिएकोछ। एक स्थानीय तह एक खेल मैदान निर्माण कार्यक्रम संचालनको लागि स्थान पहिचान गरी थप प्रक्रिया अगाडी बढाइएकोछ।अन्तरराष्ट्रिय स्तरको क्रिकेट मैदान गल्फकोर्स उच्च उँचाई खेल तालीम केन्द्र र खेलकूद एकेडमी लगायतको कार्यक्रमको लागि सम्भाव्यता अध्ययन तथा जग्गाको विवरण संकलन र लागत अनुमानको

तयारीका लागि कार्यदल गठन भई कार्य गरिएकोछ। उच्चस्थान खेल तालीकेन्द्र स्थापनाको लागि मुस्ताङ्गको बाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिकाको छिमरुङ्गमा जग्गाको पहिचान भई जग्गा प्राप्ति प्रक्रिया अगाडी बढाइएकोछ। सभामुख महोदय, युवालाई रोजगार र स्वरोजगार उपलब्ध गराउन स्वरोजगार गण्डकी प्रदेश एक्स निर्माण गरी उक्त एक्स मार्फत तालीम आवश्यक र सम्बन्धित माग संकलन गरी ४ किसिमको तालीम संचालनमा रहेका छन् । कृषि तथा पशु मोड, पशु पंक्षी मोडेल फर्म स्थापनालाई प्रस्ताव आव्हान गरिएकोमा २१९८ वटा प्रस्ताव दर्ता भएकोमा ७६८ वटा मोडेल कृषि फर्म, कृषि तथा पशुपंक्षी फर्म छनौट भई कार्य प्रारम्भ भएकोछ।यस प्रदेशका ३६ वटा निर्वाचन क्षेत्रमा एक-एक वटा मुख्यमन्त्री वातावरण मैत्री नमूना कृषि गाउँ छनौट गरी कार्य प्रारम्भ भएकोछ।कृषि क्षेत्रमा व्यवसायिकरण तथा आधुनिकरण गर्नका लागि यान्त्रिकिकरण र ग्रीन हाउस निर्माण सहयोग कार्यक्रम जिल्ला स्तरमा संचालन गरेको तथा मूल्य संकलनमा आधारित कार्यक्रम संचालन गर्नका लागि प्रस्ताव संकलन भएकाछन्।कृषि पर्यटन प्रवर्धनका लागि होमस्टे र अर्गेनिक कृषि उत्पादनमा सहयोग गर्नका लागि ५२ वटा प्रस्ताव संकलन भई छनौटका चरणमा रहेकोछ। विषाधी अवशेष विश्लेषण प्रयोगशाला स्थापनाको लागि स्याङ्गजाको मालुङ्गामा प्रदेश सरकारको नाममा १४ रोपनी ८ आना जग्गा प्राप्ति भएकोछ। मालुङ्गा र तनहुँको आबुँखैरेनीमा तत्काललाई कार्यालय स्थापना गरी सकेको छ। प्रदेशको विभिन्न स्थानमा २३ वटा कोल्ड कोल्डरुम र कोल्डस्टोर तथा कृषि बजारको कार्यक्रमको फिल्ड वेरिफिकेशनको कार्य भई रहेकोछ। चकलाबन्दी कार्यक्रम संचालनका लागि ९ वटा प्रस्ताव प्राप्त भएकोमा ३ वटा छनौट भई

सम्झौता भएकोछ। सहकारीमा आबद्ध कृषकलाई उत्पादित वस्तुहरुको बजारीकरणको सन्दर्भमा संघीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग सहकार्य गर्न छलफल प्रारम्भ भएकोछ। प्रदेशमा १९० वटा होमस्टे पर्यटन विकास र पूर्वाधार व्यवस्थापन गर्न पुँजीगत अनुदान दिने कार्य प्रारम्भ भएको छ र ३८ वटा होमस्टे छनौटको काम अन्तिम चरणमा पुगेको तथा नयाँ होमस्टेका लागि थप प्रस्ताव आव्हान गरिएकोछ।११ वटै जिल्लाको होमस्टे संचालकहरुका लागि होमस्टे तालीम संचालन भई रहेकोछ। सभामुख महोदय,फेवातालको संरक्षण र विकास गर्ने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको फैसला कार्यान्वयन गर्न उद्योग पर्यटन वन तथा वातावरण मन्त्रीको अध्यक्षतामा उच्चस्तरीय समिति गठन भई कार्य प्रारम्भ भएकोछ।चालु आर्थिक वर्षदेखि विदेशी पर्यटकको संख्या पर्यटकहरुको तथ्याङ्क संकलन गर्ने कार्य शुरु गरिएकोछ।उद्योग ग्राम स्थापना सम्बन्धी सम्भाव्यता अध्ययनका लागि सम्बन्धित दातासँग सम्झौता भई कार्य प्रारम्भ भएको छ ।गरिबी निवारणको लागि लघुवित्त लघुउद्यम विकास कार्यक्रम कार्यान्वयन भई रहको छ ।पर्यटन प्रवर्द्धनको लागि सन् २०१९ लाई आन्तरिक पर्यटन वर्ष, सन् २०२० लाई छिमेकी देश पर्यटक वर्ष र २०२२ लाई अन्तरराष्ट्रिय स्तरको पोखरा भ्रमण वर्ष घोषणा गरिएकोछ।आन्तरिक पर्यटन वर्ष २०१९ लाई प्रभावी रुपमा सफल बनाउन योजना तयार गरी कार्यक्रम संचालन भई रहेका छन् ।पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्न प्रदेश सरकारको तर्फबाट नेपाल सरकारलाई अनुरोध गरिएको सन्दर्भमा नेपाल भ्रमण वर्ष २०२० को शुभारम्भ पोखराबाट हुनुले हामी सबैलाई थप हौसला प्रदान गरेको छ। यद्यपि यो निर्णय हुन बाँकि छ।

प्रदेशको केही महत्वपूर्ण पर्यटकीय गन्तव्यहरुको विस्तृत प्रतिवेदन र गुरुयोजना तयार गर्ने काम भई रहेकोछ। प्रदेशको ४९ पदमार्गहरु निर्माण स्तरोन्नती तथा सौन्दर्यीकरणको कार्य अगाडी बढेकोछ। प्रदेश स्तरीय विज्ञान प्रविधि प्रतिषठान स्थापनाको लागि अध्ययन सुझाव पेश गर्न विज्ञ सहितको कार्यदल गठन भई विज्ञान तथा प्रविधि नीति तथा विज्ञान प्रविधि प्रशिक्षण ऐनको मस्यौदा तयार गरिएकोछ। सो प्रतिष्ठान स्थापनाको लागि पृथ्वीनारायण क्यामपसको परिसरमा रहेको भवन संचालन गर्न समझदारी पत्रमा हस्ताक्षर भएकोछ।प्रदेश भित्रका पर्यटकीय प्रमुख पर्यटकीय गन्तव्यको सूचि तथा विवरण समेटेको पुस्तिका तयार भई प्रकाशनको चरणमा रहेकोछ। विभिन्न जिल्लामा पर्यटन तथा पदमार्गहरु निर्माण स्तरोन्त्ति  र सौन्दयीकरणको कार्यहरु अगाडी बढाइएका छन्।वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम मार्फत वनहरुको व्यवस्थापन र सदुपयोगको लागि तनहुँ जिल्लामा कार्यक्रम संचालन भई रहेका छन्।बाग्लुङ्ग स्याङ्गजा र तनहुँ जिल्लामा उच्च प्रविधिमा आधारित नर्सरी स्थापना गरी विरुवा उत्पादन गर्ने कार्य जारी छ भने अन्य जिल्लाहरुमा समेत उत्पादन कार्य शुरु गरिएकोछ।वन प्रयोगमा आधारित उद्योगको विकासलाई अगाडी बढाइएको छ।प्रदेश सरकारको नीति तथा कार्यक्रमको कार्यान्वयनको लागि आवश्यक संगठन संरचना O&M र जनशक्ति व्यवस्थापन सम्बन्धी अध्ययन गर्न नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानसँग समझदारी गरी कार्य भई रहेको जानकारी गराउन्छु ।मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट प्रदेश भित्रका ११ वटा जिल्लाहरु मध्ये ९ वटै जिल्लाहरुमा स्थानीय तहका प्रतिनिधि जन प्रतिनिधि र कर्मचारीहरुलाई क्षमता अभिवृद्धि गर्ने सन्दर्भमा न्यायिक समितिको क्षेत्राधिकार र स्थानीय सरकारसँग

जनसमन्वय सम्बन्धमा एक दिने अभिमुखिकरण कार्य सम्पन्न गरिको छ। माननीय सभामुख महोदय मैले यि यो एक वर्ष भित्र हाम्रो नीति कार्यक्रम बजेट पारित भई सकेपछि अहिलेसम्म भएका राम्रो कार्यक्रम र बजेट कार्यान्वयनका सन्दर्भमा भएका कामहरुको बारेमा छोटो विवरण पेश गरें। म यहाँ के भन्न चाहन्छु भने बजेटको कार्यान्वयनका केही चुनौतीहरु छन्। अहिलेसम्म आर्थिक वर्ष २०७५/०७६ को कूल बजेट २४ अर्ब २ करोड मध्ये हालसम्म ३ अर्ब ७३ करोड ८७ लाख खर्च भएकोछ। खर्च भएको उक्त रकम कूल बजेटको २१% मात्रै रहेको। हालसम्म साधन तर्फ १ अर्ब ८२ करोड खर्च भएको छ जुन कूल साल अन्त तर्फको बजेट ६ अर्ब १५ करोड १५ लाख ३१% हो त्यसै गरी विकास तर्फ रु.१ अर्ब ९१ करोड खर्च भएकोछ। जुन कूल विकास बजेट खर्च रु १७ अर्ब १० करोडको १६% मात्रै हो। यसकारणले म यहाँ सभामुख महोदय मार्फत सम्मानित सदनलाई के अनुरोध गर्न चाहन्छु। के जानकारी गराउन चाहन्छु भने बजेट कार्यान्वयनका चुनौती हरु गम्भीर छन्। अन्तर-प्रदेश परिषदको बैठकमा एउटा समझदारी भएको थियो र त्यो समझदारी भनेको पौष मसान्त भित्र कर्मचारीहरुको समायोजन गरी सक्ने भन्ने थियो तर आजको दिनसम्म माथि सक्यो भन्या छ हामीकहाँ समायोजन सक्या छैन कर्मचारीको। कर्मचारीहरुको अभावमा सरकारको कार्यक्रम र बजेट कार्यान्वयन गर्ने कुरामा गम्भीर चुनौती रहयो यसले पछि चाहेको समयमा काम गर्न सक्किएको छैन। दोस्रो कुरा नेपाल सरकारले साविक जिल्ला स्तरमा रहेका जिल्ला विकास कार्यालयहरु विकास सँग सम्बन्धित जिल्लाका कार्यालयहरु शुरुमा खारेज गर्यो र धेरै लामो समयसम्म त्यसलाई कुन सरकारको मातहतमा रहने भन्ने निर्णय

गरेन। अस्तिको शायद असोज कार्त्तिकमा मात्रै प्रदेश सरकार मातहत रहने जिल्लाका कार्यालयहरु भनेर साविक खानेपानीका जलश्रोत सिंचाईका पशुविकास पंक्षी कृषि विकास भौतिक पूर्वाधार लगायतका शिक्षा स्वास्थ्य लगायतका सबै एउटा निर्णय गर्यो र त्यो निर्णय गर्दा सरकारले अव्यवहारिक निर्णय गर्यो। संघीयताको मर्म र भावना विपरित निर्णय गर्यो भनें मैले धेरै कुरा उठाइ रहेको छु। अन्तरप्रदेश परिषदको बैठकमा नै हामीले गम्भीर रुपमा उठाइ रहेका छौं यो कुरा तर आजका दिनसम्म पनि हामीले तेति खेर भएको सहमतिलाई कार्यान्वयन गर्ने कुरामा  नेपाल सरकारले कुनै तदारुकता देखाएको छैन। त्यो भन्या के हो भनेदेखि नेपालमा ७७ वटा जिल्लाहरु छन् अहिले नयाँ व्यवस्था अनुसार ७७ वटा जिल्लाहरुमा कुनै जिल्ला जिल्ला स्तरको कुनै कार्यालय ३५ वटा कायम गरेर, कुनै ३० वटा कायम गरेर कुनै ४० वटा कायम गरेर त्यसलाई प्रदेशहरुमा वितरण गर्ने काम डिस्ट्रिब्युशन गर्ने काम भएको छ र हाम्रो प्रदेशमा भू तथा जलसंरक्षण कार्यालयहरु ११ वटा जिल्लाहरु मध्ये सबै जिल्लामा थिए। अहिले २ वटा जिल्लामा छन्। साविक गण्डकीको तनहुँमा साविक धौलागिरीको पर्वतमा दुई वटा कार्यालय मात्रै छन्। त्यो २ वटा कार्यालय भएको कारणले भएको कारणले गर्दा खेरि यो तटबन्धको संरक्षणका कुराहरु धेरै कुराहरु
हामीले काम गर्न सारै धेरै कठिनाई भएको कुरा यहाँहरु समक्ष जानकारी गराउन चाहन्छु। दोस्रो कुरा पूर्वाधार विकासको कार्यालय जम्मा ५ वटा मात्रै छ। हामीसँग चाँहि ११ वटा जिल्लाहरु छन्। यस कारणले सडकका कार्यक्रमहरुको सम्झौता गर्नको लागि सबै गर्नको लागि पनि हामीले यातायात नवल तनहुँबाट, गोरखाबाट नवलपुर पुग्नु पर्यो। यहाँ

नवलपुरका जनतालाई बर्खायाममा तनहुँ आउनु पर्ने स्थिति भयो। मुस्ताङ्ग, म्याग्दी, पर्वतका सबै मान्छेहरु चाँहि बाग्लुङ्गमा जानु पर्ने स्थिति खडा भयो। यसले गर्दाखेरि समयमा बजेटमा खर्च गर्ने कुरामा पनि हामीलाई चुनौति खडा भयो  दोस्रो कुरा। तेस्रो कुरा कर्मचारीहरु टिओ अ समायोजन नसकिन्नजेल सम्म र समायोजनको हल्ला भई सक्यो अझ कर्मचारीहरु चाँहि कमिलाको गोला जस्तो आई राख्या छ, गई राख्या छ, दुई दिन भा छैन फेरि माथि गई राख्या छ। हप्ता दिन भा छैन फेरि तल झरी राख्या छ। यस रुपले गर्दाखेरि हामीले कुनै काम गर्न पाएनौं। चौथो कारण यि कर्मचारीहरु सबै मन्त्रीहरु अनुभवहीन, कर्मचारीहरु अनुभवहीन, नयाँ व्यवस्थामा कसरी काम गर्ने अनुभव नभएको। त्यसले गर्दाखेरि हामीले समयमै कार्यविधि निर्माण गर्न  तपाईंको लामो लाग्ला, यति धेरै कठिनाई होला, यति धेरै पिडा होला भन्ने कुरा यो मुख्यमन्त्रीको चाँहि अनुमान थिएन। यस कारणले मैले आशाका कुराहरु, हौसलाका कुराहरु, उत्साहका कुराहरु गर्या थिएं यहाँ संसदमा तर त्यो काम हामीले गर्न सकेन। त्यस कारणले गर्दाखेरि हामीलाई करिब १४३ वटा  कार्यविधिहरु पारित गर्नको लागि ५-७ महिना लाग्यो हामीलाई। मैले अनुमान गरेको कुरा के थियो भने त्यो एक महिना भित्र सकिन्छ होला भने अनुमान थियो र भदौ महिनामा हामी सबै कुरा कार्यान्वयन गर्न सकिन्छ भने। यस कारणले  भौतिक संरचनाका आधारमा अभावका कारणले कर्मचारीहरुको बेलैमा समायोजन नभएर तपाईंको कर्मचारीहरुको कारणले अभावको कारणले, कर्मचारीहरुको क्षमता या अनुभवहिनताका  कारणले, उत्पन्न भएको समस्याको कारणले र हाम्रो मन्त्रीहरु पनि अनुभव छैन नि, अनुभवहिनताका कारणले धेरै कामहरु कसरी काम गर्नु पर्छ भन्ने कुराका

त्यो कारण पनि  हामीले यो कार्यक्रम र बजेट  समयमा कार्यान्वयन गर्न गम्भीर समस्या पैदा भएकोछ र अर्को मुख्य समस्या भनेको हामीसँग अहिले जति सवारी साधनहरु छन् ति सवारी साधन भनेका सबै संघले मिल्लाका, छनौट गरेका, पाँच सात पटक चाँहि मर्मत भई सकेका थोत्रा, २० वर्ष, २५ वर्षका गाडीहरु यहाँ छन्। अनि हामी महिनै पिच्छे हामीले चाँहि मर्मत गर्नु पर्दा हाम्रो फिल्डमा भएका हाम्रो जिल्ला जिल्लामा गएको हाम्रो कर्मचारीहरुले एउटा राम्रो पिकअप भेन पनि पाई राख्ने स्थिति छैन। हाम्रो अधिकृतहरुले एउटा मोटर साइकल पाउने स्थिति पनि बनाएको छैन। अब बजेट बनाउँदा खेरि म यहाँहरुलाई के स्पष्ट गराउन चाहन्छु कि मैले यो पहिलो वर्ष भएको हुनाले हामी यो पूर्वाधार यो चालु खर्चमा खरिदको कुरामा धेरै खर्च नगरौं। धेरै पैसा विकास खर्चमा लगाउँ भन्ने आधारमा यि सबै कुराहरुको केहि पनि प्रबन्ध गरिएन हामीले र मन्त्रालयबाट आएको धेरै प्रस्तावहरुलाई पनि हामीले घटाएर सवारी साधनको २० वटा मोटर साइकलमा ५ वटामा ४ वटा  गाडी भन्या छ। एउटा एउटा गाडी भनेर हो। त्यसैले हामीलाई यो बजेट कार्यान्वयनमा समस्या आएको हो। सवारी साधनमा समस्या भएकोले पनि हाम्रो काममा समस्या आएको हो। हाम्रो कर्मचारीहरु एकदम उत्साहका साथ काम गर्ने चाहना हुँदा हुँदै पनि स्रोत साधनको अभावमा, संरचनाको अभावमा, अनुभवको अभावमा यि कामहरु सम्पन्न अ गर्ने कुरामा चुनौति खडा भई रहेको र यसले समस्या भई रहेको म यहाँहरु समक्ष जानकारी गराउन चाहन्छु। तर हामी अझै पनि आशावादी छौं भने मैले जे चीन विकास निर्माणको जे विवरण सुनाएं जुन चरणको कुरा मैले सुनाएं यहाँहरुको समक्ष, सम्मानित सदनमा मैले यो कुरा भनि रहँदाखेरि म के आश्वस्त पनि छु, कुराहरु अझै पनि म के

अप्टेमिस्टिक छु कि भने हाम्रो सबै जिल्लाका कर्मचारीले एकआध जिल्ला बाहेक सबै जिल्लाका कर्मचारीहरुले उत्साहका साथ काम गर्नु भा छ र अरु एउटा ट्र्याकमा आई सक्यौं र सबै ठाउँमा सम्झौता भई सक्या छ। सम्झौता भएको अझै पनि कतिपयको बजेट रिलिज नभएको, कतिपय सम्झौताकै मुखमा आई सकेको कारणले गर्दा हामी हाम्रो मन्त्रालय अन्तरगतको जिल्ला जिल्लामा जाँदाखेरि ८०% बजेट हामीले खर्च गर्न सक्छौं भन्ने अहिलेसम्म मैले प्रोत्साहन पाई राखेको स्थिति छु। त्यसकारणले गर्दाखेरि अहिले हामी विकासको बजेटको १६% खर्च भएपनि, अस्ति एक महिना अगाडी जम्मा ४% मात्रै थियो। अहिले कमसेकम यो एक महिना भित्र यो काम समेटिन बाँकि छ अझै ति प्रतिवेदनमा अ अझै पनि डिपिआर गर्ने काम भई राख्या छ। हामीसँग जान सक्या छैन। हामी हचुवाको भरमा कुनै योजना पनि संचालन गर्दैनौं त्यस कारणले यो प्रक्रिया पनि एउटा डेमोक्रयाटिक ढंगले चलौं, एउटा पारदर्शी ढंगले चलौं, एउटा योजना निर्माण या विकास निर्माणको काममा चाँहि अ जुन चाँहि सार्वजनिक खरिद ऐन अहिलेसम्म जे छ त्यसले अर्को हामीलाई चाँहि भाँजो हालेकै छ । अहिले चाँहि सबैभन्दा समस्या पैदा गरेको त्यसैले छ। अहिलेको दिन पनि हामी ३५ दिन चाँहि दरखवास्त लाई चाँहि ३५ दिन छुटाउनु पर्छ शायद यो कुनै जमानामा ६३ साल मा बनाएको संशोधन गरेको रहेछ । त्यो ६३ साल मा बनाएको खरिद पनि आज भन्दा पचास वर्ष अगाडीको खरिद ऐन जस्तो छ यो । जुन बेला मान्छेहरु हिंडेर चाँहि ३५-३५ दिन लाग्थ्यो कुनै ठेक्का चाँहि त्यसको चाँहि दरखास्त गर्नको लागि । आज त हामी ३५ सेकेण्डमै पुग्छौं सबै ठाउँमा यि प्रविधिका माध्यमबाट त्यसैले यसमा संशोधन नभईन्जेल यसमा यो विकास

को खर्च भन्ने कुरा कुन पूँजीगत चाँहि तर्फको खर्च चाँहि हाम्रो उत्साहजनक रुपले धेरै अगाडी बढि हाल्छ भन्ने मलाई लाग्दैन । तर आगामी दिनमा पनि हामी यो कुरालाई पनि संशोधन गरेर अर्को वर्ष प्रभावकारी ढंगले काम गर्न सक्छौं किनभने साउन भदौदेखि नै हामीले एउटा स्पीड र ट्र्याकमा हामी जान सक्छौं भन्ने विश्वास चाँहि छ । त्यसले गर्दाखेरि यहाँहरु समक्ष सभामुख मार्फत म चाँहि म के अनुरोध गर्न चाहन्छु भने अहिले हामीले कार्यविधि बनायौं । हामीले कार्यविधि बनाउँदाखेरि चाँहि तपाईको त्यो ट्राँस्पेरेन्ट हुन्छ । त्यो तपाईको एउटा विधीका माध्यमबाट, प्रक्रियाका माध्यमबाट, लोकतान्त्रिक चाँहि केरे ढंगले चाँहि यो योजनाहरु छनौट गर्ने, योजनाहरुमा बजेट हामीले जुन तपाईंहरुले भन्नु गर्नु भा छ नि त्यो बास्केट मोड जुन थियो । त्यो बास्केट मोडलाई हामीले डिस्ट्रिब्युट गर्ने जुन पुर्या छौं । यो चाँहि मूलत हामीले दर्खास्त आव्हान गर्दाखेरि धेरै माननीय सदस्यहरुले त्यो चाँहि आधारमा दरखास्त आव्हान गर्ने कुरा काम गरी राख्या छौं। उहाँहरुलाई जानकारी गराएरै दरखास्त आव्हान भा छ तर दरखास्त आव्हान गर्ने कुरामा हाम्रो अनुभवहिनताको कारणले मन्त्रीज्यूहरुले, सचिवहरुले के के कमि कमजोरी गरेको देखिन्छ भने जस्तो हामीले वेभसाइटमा गर्या  । वेभसाइटमा गरेकोमा सबै आम नागरिकहरुलाई थाहा नहुने रहेछ। हामीले रेडियोमा दिनु पर्थ्यो मैले भन्या छु रेडियोमा चाँहि दिनु पर्छ। स्थानीय जिल्ला जिल्लामा प्रकाशन भएर हाम्रो पत्रिकाहरुलाई दिनु पर्छ। त्यसले गर्दा प्रिन्ट मिडियामा दियुँ भने हाम्रो यसले पनि मिडियामा दियुँ भने हामी वेभसाइटलाई मात्रै आधार मानेर गयौं भने फेरि पनि छुट्न सक्छ। केही दुर्गम ठाउँ छुटि राख्या छ।त्यसले गर्दाखेरि अहिले हाम्रो जुन जति रुपमा

समावेशी ढंगले सबै जिल्लाबाट जसरी आउनु पर्ने थियो त्यो नभएको साँचो कुरा हो।यसमा हामीले कमजोरी गरेका छौं। त्यस कारणले आगामी दिनमा यो कार्यविधि यो तरिकालाई हामीले सच्चाएर जाने अगाडी बढने कुरा गर्न चाहन्छु। कृषि मोडेल फार्मको कुरामा हामीलाई केही समस्याहरु पैदा भएका छन्। त्यो हामीले कार्यविधि बनायौं तर हाम्रो एउटा लक्ष्य के थियो भने हामी सबैको लक्ष्य के थियो भने विदेश पलायन भई रहेको जनशक्तिलाई कसरी  स्वदेश मै राख्ने, गण्डकी प्रदेशमा राख्ने, भन्ने आव्हानका साथ हामीले कृषिको आधुनिकीकरणको कुराकानि गरी रहँदाखेरि या व्यवसायीकरणको कुरा या बजारीकरणको कुरा पर्यटन क्षेत्रको विकासको कुरा गर्दाखेरि पनि हामीले के भन्या थियौं युवा शक्तिलाई केन्द्रित गराउनु पर्छ भन्ने मान्यताको आधारमा यो कार्यविधिमा एउटा मापदण्ड राख्यौं हामीले त्यसले समस्या पार्यो हामीलाई।  यसले त हामीलाई अण्डर ४५ लाई प्रायोरिटि दिने भन्यौं युवाहरुलाई प्रायोरिटि दिने नाउँमा त्यसले गर्दा खेरि तपाईंको नम्बरिङ्गमा अण्डर ४५ ले बढि नम्बर पाउने स्थिति बन्यो।एउटा मूल्याङ्कन आधार त्यसलाई बनाउँदाखेरि २००-३०० बाख्रा पाल्या छ ५०-१०० गाइ पाल्या छ भैंसि पाल्या छ तर त्यसको उमेर ५० वर्ष पुग्यो। भर्खरै नयाँ युवाहरुले शुरु गर्न थाले त्यो कार्यविधि कारणले गर्दाखेरि ति युवाहरुले पाए ति अर्को फर्स्ट प्रायोरिटि भित्र परेन। यसले गम्भीर समस्या पैदा भएर हामीले त्रुटि गर्या छौं आगामी दिनमा यसमा केही सुधार र हाम्रो कार्यविधिमा सुधार नगरिकन यो काम अगाडी बढाउँदैनौं। बाँकि छुट भएका  प्रभावकारी ढंगले चली रहेकालाई हामीले दोस्रो लटमा भनेर पार्ने मैले मन्त्रालयमा निर्देशन गरी सक्या छु र कार्यविधिमा केही कार्यविधिहरु जस्तो मोडेलको कुराकानी गर्दाखेरि हामीले

अलिकति समस्या के गर्या छ भने हामीले कृषि मोडेलको मापदण्ड तोक्दाखेरि र त्यसको नम्बरिङ्गको आधार दिंदाखेरि द्वन्दपिडितहरु या भुकम्पपिडितहरु हाम्रो जे जे प्रावधानहरु स्पेसिफिक प्रावधानहरु राख्यौं त्यसले गर्दाखेरि त्यही त्यो क्षेत्रका मान्छेले मात्रै पाउने भयो। खास किसानले नपाउने स्थिति बन्यो।त्यस कारणले हामी द्वन्दपिडितहरुलाई सम्बोधन गर्छौं हामी गर्नु पर्छ। तर द्वन्दपिडितलाई सम्बोधन गर्नको लागि त्यसको छुट्टै अर्को कार्यक्रम ल्याउनु पर्छ यसलाई अर्को कार्यक्रमहरुमा मिसाउनु हुँदैन भन्ने यस पटक हामीले अनुभूति गरेको कुरा छ। यो तपाईंको नेशनल लेभलको कुरा छ।यसलाई हामीले आगामी दिनमा हामीले सच्चाउने नै छौं। गण्डकी विश्वविद्यालय बनाउने कुरा भई राछ र यहाँहरुलाई थप मैले के भन्नु छ भनेदेखि गण्डकी विश्वविद्यालय प्राप्त स्थापना गर्न को लागि हामीले शुक्ला गण्डकीमा जग्गा प्राप्त गर्‍याछौं। त्यहाँको नगरपालिकाको सहमतिमा जग्गा प्राप्त भएकोछ। हामीले त्यहाँ बनाउँदा पनि शुरु हुन्छ। तर नेपाल सरकारले फेरि केही ऐन नेपाल ऐन संशोधनमा के भन्यो भनेदेखि जग्गा प्राप्तिको कुरा स्थानीय तह प्रदेशको सिफारिशमा उनीहरुको निर्णयलाई संघीय सरकारले एक पटक अनुमोदन गर्नु पर्छ भन्ने ऐनको भावना ऐनको व्यवस्था भएको हुनाले हामीले त्यसको अनुमोदनको लागि संघीय सरकारमा पठाएका छौं। तर आजसम्म त्यसको निर्णय भएर आएको छैन।त्यस कारण हामीले तारबार गर्ने योजना बनाउने काम भएको छैन। हाम्रो कार्यदलले प्रस्तुत गरेको रिपोर्टमा करिब करिब ८ अर्ब लाग्छ भन्ने छ हाम्रो प्रारम्भ गर्दाखेरि र त्यसको लागि हामीले इण्टरनेशनल गण्डकी टेकनिकल यूनिभर्सिटि सपोर्ट ग्रुप गठन गरि राख्या छौं।यसले तपाईंको रकमहरु संकलन गर्ने काम सम्पन्न भई राख्या छ र

यो काम जग्गाको काम सकिने बित्तिकै हामी शुरु गरी हाल्छौं र यहि वर्ष देखि यो २०१९ देखि हामीले गण्डकी प्रोविन्समा स्थापना संचालन हुने गण्डकी यूनिभर्सिटी संचालन गरेर काम अगाडी बढाउने कुरा यहाँहरु अगाडी जानकारी गराउन चाहन्छु र गण्डकी टेक्निकल इन्सटिट्यूट जुन हामीले भन्या थियौं गण्डकी इन्सटिट्यूट अफ टेक्नोलोजी स्थापना गर्नको लागि स्याङ्गजाको फेदिखोला गाउँपालिकाको रामकोटमा हामीले करिब करिब १२०० जति रोपनी जग्गा प्राप्त गर्यौं। तेति रोपनी जग्गा हामीले प्राप्त गर्या छौं र त्यसलाई पनि हामीले सिफारिस साथ माथि पठाएका छौं ।त्यसको पनि निर्णय आउन बाँकि छ ।त्यस कारण मैले हिजो पनि प्रधानमन्त्रीज्यूलाई भनेको हो हामीलाई कानूनी सहयोग गर्नुस तपाईंहरुले प्रशासनिक सहयोग गरिदिनुहोस्।अरु विदेशी सहयोग लिनु पर्दाखेरि संघको अनुमति सहमति लिनु पर्ने भा हुनाले त्यसको पनि तपाईंहरुले सकारात्मक सोची दिनुस। विदेशको पैसा उहाँहरुले यि कुरामा मात्रै खोलिदिने हो भनेत्यहाँबाट पर्याप्त पैसा हामीले ल्याउन सक्छौं पर्याप्त हामीलाई चाहिने ल्याउन सक्छौं त्यो क्षमता हामीसँग छ। त्यो हिम्मत हामीसँग छ र नीजि क्षेत्रलाई हाम्रो गण्डकी प्रदेशमा अगाडी ल्याउने कुरामा पनि हाम्रो योजनाका साथ हामी अगाडी बढि राख्या छौं र यसमा हामी सफल हुन्छौं विश्वास छ। त्यस कारणले गण्डकी विश्वविद्यालयको र गण्डकी इन्सटिट्यूट अफ टेक्नोलोजिको कुरा यति राखेर फेरि हामीले पोखरामा एउटा सुपर स्पेशलाइज्ड एउटा अस्पताल बनाउने भन्या थियौंैं क्यान्सर अस्पतालको रुपमा, मुटुको या किडनीको लगायतको र प्रसुति र बालबालिकाको रोगहरु लगायतको एउटा अस्पताल बनाउने भन्या थियौं। त्यसमा पनि एउटा हामीले कुराकानी गरि राख्या

छ। जग्गा प्राप्तीको कुराकानी गर्दाखेरि हामीले जग्गा हाम्रो कार्यदलले सिफारिश गरी राख्या थियो। दुर्भाग्यवश एउटा संस्थाले संस्थाको नाममा छ भने बुझियो तर त्यो खोज्दा जाँदाखेरि सबै व्यक्तिको नाममा भएको। जग्गा शायद १५-१६०० रोपनी होला। यो तपाईंको हरियोखर्कको जग्गा हो।अहिले यो अस्पताल पनि चल्दै छ। त्यस कारण त्यो जग्गा व्यक्तिको नाममा छ । त्यो व्यक्तिको नाममा उनीहरुले बिडाईं गरेर संस्थाको नामको कुनै दिन सरकारले सिज गर्न सक्छ भन्ने आधारमा व्यक्तिको नाममा गरेको हुन सक्छ तर त्यै पनि धेरै विधि पुर्याए जस्तो देखिदैन जसरी उहाँलाई हामीले भनि सक्या छौं तपाईंको अस्पताललाई ५०-६० रोपनी राखुस हामीहरुलाई तपाईंले हस्तान्तरण गर्नु होस् तपाईंले हस्तारन्तरण गर्नु हुन्न भने प्रदेश सरकारले फेरि निर्णय गर्नु पर्छ जनताको लागि अस्पताल निर्माणको लागि भन्या छौं। जग्गा प्राप्तिको लागि कुरामा अलिकति समस्या भएर अरु बाँकि छलफलको कुराहरु सहयोगदाताहरुसँग कुराकानी भई राखेकै छ र सहयोगदाताले के कुरा भन्या छ भने मैले यो सम्मानित सदनमा सभामुखज्यू मार्फत के कुरा भन्न चाहेको भनेदेखि हामी उनीहरुले प्याकेजमा ४ वटा कुराहरु बनाउने भन्या हो। एउटा सुपर स्पेशलाइज्ड हस्पिटल जहाँ कि क्यान्सरको उपचार हुन्छ, मुटुको उपचार हुन्छ, किडनीको उपचार हुन्छ, र अरु उपचार पनि हुन्छ। त्यो अस्पतालको साथ साथमा एउटा सुपर डागनोसिस सेन्टर हामी सानो सानो रोग पत्ता लगाउन पनि हामीले र हाम्रो ल्याब त्यो नेपालमा त्यो ल्याब नै छैन। जुन ल्याब जाँदाखेरि हामीले फेरि पनि हामीलाई दिल्लीमा रिफर गर्ने, तपाईंको बैंककमा रिफर गर्ने, सिंगापुरमा रिफर गर्ने जुन चलन अहिले पनि छ त्यसलाई अन्त्य गर्नको लागि नेपाल भरीको सबैभन्दा टप सुपर

डाइगनिसिस सेन्टर स्थापना गर्ने त्यही प्याकेज भित्र राखेर अगाडी बढन चाहेका छौं ।त्यही संग जोडेर एउटा मेडिकल कलेज भई हाल्नु पर्ने र त्यसैसँग जोडेर एउटा फार्मासुटिकल इन्डस्ट्रिज संचालन गर्ने कुरामा दाताहरुसँग हाम्रो कुराकानी भई राख्या छ र उनीहरुले यसलाई ऋणको रुपमा हामीलाई दिने त्यो उनीहरुले फिर्ता नलैजाने त्यसलाई राम्रो ढंगले संचालन गर्ने १४-१५ वर्ष यो २० वर्ष पछि हामीलाई सबै टेकनोलोजी हस्तान्तरण हामीलाई भई सकेपछि त्यो म्यानेजमेन्टको जिम्मा हामीलाई दिने । त्यो १४-१५ वर्षसम्म १५-२० वर्षसम्म उनीहरुले आफूले संचालन गर्ने चाँहि भन्या छ र हामीलाई त्यो ऋण दिने हो भन्या छ। त्यो ऋण पछि तिर्न त नपर्ने त अहिले किन ऋण भन्ने किनभने सित्तैमा बनाएका आयोजनाहरुको नेपालले धेरै बेचेर खाई दियो धेरै हिनामिना गर्यो त्यो देखेर आएका छौं। हामीले अरु एशियन मुलुकमा त्यसरी देखिन्छ यो गर्दाखेरि प्रभावकारी हुन्छ भन्ने देखिन्छ। मैले उहाँहरुलाई के सुझाव दिएछु भने गण्डकी प्रदेश सरकारलाई त मैले ऋण दिएछु भन्ने बित्तिकै करिब २० अर्ब लाग्छ भनेकोमा २० अर्बको ऋण दिएं या दिने भन्ने कुरा फेरि माथिको सरकारले हुन्न त्यहाँ त्यो पोखरामा किन चाहियो? काडमाडौंमै खोलिदिने हो भनेकि हामीलाई अप्ठयारो पर्छ। त्यस कारण तपाईंलाई मैले ऋण भन्यो भने योजना नआउन सक्छ यहाँ भनेर भन्या छु। त्यस कारण तपाईंले अनुदान नै भन्नुस बरु हस्तान्तरणको कुरा हामी १०-१५ वर्ष लगाउन्न। तपाईं म्यानेजमेन्टको जिम्मा सिक्दै गर्नुस । त्यो पनि काम अगाडी बढछ भन्ने विश्वास हामीलाई छ। अर्को हामीले स्पेशली जोन हाम्रो तनहुँमा पर्छ भन्ने ठानेका छौं। संघीय सरकारले च्याङ्गलिटारमा १० हजार मा स्थापना गर्ने भनेको कथा लेखेेको धेरै वर्ष भयो अहिलेसम्म

जग्गा अधिग्रहणको प्रक्रिया अगाडी बढि सक्या छैन। तर त्यो संघीय सरकारले गर्ने भा हुनाले यसमा हाम्रो सहजीकरणको भूमिका मात्रै रहन्छ बाँकि नवलपुरको हामीले एउटा शुक्लागण्डकीमा विशेष आर्थिक क्षेत्र निर्माण तथा नवलपुरमा हाम्रो भोलिको ढोका हुन्छ र साउथ गेट हुन्छ। त्यो साउथ गेटमा हामीले एउटा गाइड पोर्ट बनाउन सकिएन भने र व्यापारको कुरा हाम्रो सबै कुराहरु बेकारमा हुन्छ त्यसैले स्पेशल इकोनोमिक जोड त्यहाँ खडा गरेर हामी अगाडी बढनु पर्छ भन्ने हाम्रो मान्यता भएकोछ भन्ने हो। त्यो पनि हाम्रो यहाँ उल्लेख नभएको हुनाले मैले भन्न खोजेको हो अर्को  मार्ग हामीले कोरोला नाका त्रिवेणी नाका खोल्नु पर्छ। खोल्नु पर्छ भनेर धेरै पटक घुम्या छौं। साउन २ गते हो।म दुइटै नाकामा भ्रमण गरि सकें। श्रावण २ गते बैठक बसेर मन्त्रीपरिषदको निर्णयअनुसार कोरालामा पूर्वाधार निर्माण गरिदिनु पर्यो, कोरोला नाका खोल्ने काम अगाडी बढाउनु पर्यो, सिमाना नाका भएको हुनाले, अन्तरराष्ट्रिय नाका भएको हुनाले यो गण्डकी प्रदेशको अधिकार क्षेत्र भित्र छैन भनेर हामीले सिफारिश गरेर पठायौं संघीय सरकारसँग। साउन २ गते पठाएको अस्ति भर्खरै १५-२० दिन अगाडी आयो। हामीलाई आएको छैन तर हामीले थाहा पायौं नेपाल सरकारले जग्गा प्राप्तिको लागि निर्णय गर्यो कोरोला नाका खोल्नका लागि भनेर भनेको छ। त्यो पनि शायद खुशिको कुरा भन्नु पर्छ। अर्को कुरा त्रिवेणी नाकाको भन्सार जुन भन्सार थियो पहिला छोटी भन्सारको रुपमा पछि भन्सार बन्दको अहिले त्यसको स्तरोन्नती गर्नका लागि नेपाल सरकारले निर्णय गरेको हुनाले अहिले त्यसको स्तरोन्तीको काम अगाडी बढेको छ।त्यहाँ अरु भौतिक संरचना बनाउनु पर्ने छ। त्यहाँसम्म जानको लागि सहज हुनको लागि

दुम्किबासबाट त्रिवेणीधामसम्मको लागि फास्ट ट्रायक बनाउनको लागि गण्डकी प्रदेश सरकारले पैसा पनि छुट्टाएको यसमा डि .पी.आर. गर्नको लागि तर नेपाल सरकारले आजको दिनसम्म अनुमति दिया छैन । किन भने त्यो फास्ट ट्रायक चितवनको बफर जोन भित्र पर्ने हुनाले चितवन राष्ट्रिय निकुञ्ज प्रदेश सरकार अन्तर्गतको होइन केन्द्रिय सरकार अन्तर्गत रहेकाले केन्द्रिय सरकारको अनुमति चाहिने अहिलेसम्म हामीले प्राप्त गर्न सक्या छैन। यहि कुराहरु सुनिश्चित गरेर मैले कार्यक्रममा प्रधानमन्त्रीलाई भन्या थिएं। त्यो नभएको कारणले हाम्रो काम रोकिएको छ। हामी यो काम सबै अहिलेसम्म प्रतिबद्ध छौं। पोखराबाट दुम्किवास सडकसम्मको लागि चीनको तपाईंको एउटा कम्पनीसँग हाम्रो सम्झौता भएकोछ र यसमा अहिले यसको निशुल्क फिजिबिलिटि स्टडी गर्नु भएकोछ शायद भोलि पर्सि हाम्रो यो काम हुन्छ। मन्त्रालयको भौतिक मन्त्रालयको दुई जना इन्जिनियरलाई हामीले फोकल पर्सन तोकि सक्या छौं र यो फिजिबिलिटी स्टडी शुरु भई सकेपछि तेहि कम्पनी मार्फत चीनिया सरकारको सहयोग या समन्वय के हुन्छ हामी अगाडी बढाउने र संघीय सरकारसँग गर्ने त्यो तयार भयो भने ५-६ अर्ब जति लाग्छ र त्यो हामीले गर्नु पर्ने जान्नु पर्छ भन्ने कुरा मैले यहाँहरु समक्ष जानकारी गराउन चाहें। अर्को एउटा गम्भीर कुरा छ सम्मानित संसदको सबै माननीय सदस्यज्यूहरुले सदस्यहरुको म सभामुख मार्फत मैले ध्यानाकर्षण गराउन चाहेको के छ भनेदेखि कालीगण्डकी डाइभर्सन कालीगण्डकी डाइभर्सन नेपाल सरकारको अस्ति एक वर्षको कार्यसम्पादनमा पनि मूल्याङ्कन कालीगण्डकी डाइभर्सनको कुरा केही अलिकति आएको। कुरा नाकाको कुरा अलिकति आएको हो। कालीगण्डकी नदि अहिले डाइभर्सन गर्ने कुरा भन्या छ त्यहाँ सिमाना पक्कै

हो। तर माथि सिरदेखि तिरसम्म अरु सबै आएको हाम्रो नदि हो। हाम्रो एकल नदि हो कालीगण्डकी त्यस कारणले गण्डकी प्रदेश सरकारको जानकारी बिना उसको सहमति बिना गण्डकी कालीगण्डकी नदिको पानी डाइभर्ट गर्ने कुराको हाम्रो सहमति रहँदैन। गण्डकी प्रदेश सरकारले भन्या छ यो साझा नदिको पानी आधा आधा हुन्छ भन्ने सिद्धान्त गर्ने हो भने पानी हाम्रो आधा हुनु पर्यो आधा उनीहरुको हुन्छ। होइन त्यो तपाईंको त्यो चितवनको तिनाउमा मिसाउने र पूरा पाँच नम्बर प्रदेशको दुई तीन वटा जिल्ला सिंचित गर्नको लागि हामी कालीगण्डकी करिडोरको तल्लो गैंडाकोटसम्मको सिंङ्गो इकोसिस्टमलाई खत्म गरेर सबै नदि प्रणालीलाई खत्म गरेर हामीले आफ्नो जमिनलाई उजाड राखेर आफ्नो तनहुँको त्यहाँको नदि वनलाई समाप्त पारेर र देवघाटको अस्तित्व समाप्त पारेर यो कुरामा हामी गर्न दिन्नौं हुन दिन्नौं भनेर मैले प्रधानमन्त्रीलाई धेरै पटक यो कुरा उठाएको छु। त्यस कारणले सबै माननीयज्यूहरुले पनि यो कुरा उठाउनु होला भनेर लाग्छ मलाई।हाम्रो अहिले गम्भीर चुनौतिको रुपमा यो काम अगाडी बढि राखेको छ। किनभने ठूलै शक्तिहरु लाई राख्या हुनाले भई पो हाल्छ कि? भयो भने टकराव शुरु हुन्छ। अहिले गण्डकी प्रदेशको मुख्यमन्त्रीले उसको गर्दैन गरेपनि यो कुरा छोइदिन्न भन्या छ मेरो ठाउँमा। त्यस कारण यहाँहरुलाई मैले निवेदन गर्न लाएको। अहिले हामीले कालीगण्डकी करिडोरको कुराकानी गर्दाखेरि त्यसमा पनि हामी झस्किएका नै छौं। कालीगण्डकी करिडोर कोरालाबाट विलिया नाकातिर हाम्रो सोजिन थाल्यो। कालीगण्डकी हाम्रो प्रदेशको तिरैतिर हुन्छ त्यस कारणले कालीगण्डकी करिडोर त्यो कोरिडोर पनि बनोस् त्यसमा हाम्रो कुनै आपत्ति छ बरु सुन्न पर्ने होला भोलि व्यापारको लागि छोटो बाटो पनि

होला तर हामीले के भन्या छौं कोरोलादेखि तपाईंको बेनि, बेनिदेखि मालढुङ्गा, मालढुङ्गादेखि राम्दि, अनि फुटार या फेरि ढेड गाउँ हुँदै त्यो गैडाकोटको पुग्नु पर्यो भन्ने छ हाम्रो र कालीगण्डकी करिडोर सडक बन्दाखेरि अब मान्छेलाई चाँहि दिग्भ्रमित हुने भयो कालीगण्डकी करिडोर उताको हो भन्या  छ नेपाल सरकारले। हामीले कालीगण्डी करिडोर हाम्रो तिरैतिर आउने कोरिडोर बाग्लुङ्ग सकिएपछि हामीले यता बनाउनु पर्यो र हाम्रो राम्दी हुँदै चापाकोट हुँदै हाम्रो गैंडाकोटमा निस्कनु पर्यो र अहिले मदन भण्डारी लोकमार्गको कुरा जे कुराहरु अगाडी सरेर आएको छ त्यो फेरि पाल्पाको रानी डाँडा पुगेर उहाँ रिडीमा पुग्नु जुन काम भाछ। हाम्रो गम्भीर ध्यान आकर्षण भएकोछ र प्रधानमन्त्री र नेपाल सरकारलाई हामीले ध्यान आकर्षण गर्‍या छौं। मदन भण्डारी लोकमार्ग जहाँ मदन भण्डारीको हत्या भयो दाङ्गसँग उहाँबाटै शुरु भएर कालीगण्डकीको तिरैतिर भएर त्रिवेणी उता रिडी पुग्नु पर्यो। आलम्दीको पारीबाट त्यहाँ पारी रिडि हुँदै जानु होला त्यसमा हाम्रो कुनै टाउको दुखाई छैन तर यो आलम्दी कालीगण्डकीको तिरैतिरि हुनु पर्छ भन्ने कुरा हामीले ध्यानाकर्षण गराएका छौं। हाम्रो सबै यो प्रदेश सभामा पनि यो कुरा गम्भीर रुपले उठयो र शायद हामीले प्रदेश सभामा पास गरेर पठाउँदा उपयुक्त हुन्छ भन्ने लाग्छ मलाई र अर्को कुरा हामीले कोरोला, कोरोला भन्यौं त्रिवेणी, त्रिवेणी भन्यौं अर्को महत्वपूर्ण नाका हाम्रो छोटो नाका, कोरोलाको रुइला भन्ज्याङ्ग भन्ने छ लार्केको। त्यो रुइला भन्ज्याङ्गबाट हाम्रो बेनी घाटसम्म आउँदाखेरि १८१ किमी मात्रै छ । दुल्लुबाट लाग्यो भने १५१ किमि मात्रै छ थुम्चे हुँदै जाने हो भने, हाम्रो तल्लो दक्षिण नाकामा पनि जोडिने त्यो नाका हो। हाम्रो पोखराको गण्डकी प्रदेशको राजधानीसँग पनि जोडिनु पर्छ हामीले।

त्यस कारण त्यो रुइला भन्ज्याङ्गलाई हामीले जोड दिएर यस पटक हाम्रो नेपाल सरकारले जुन काम गरि त्यहाँ सडकले गरी राखेछ बेनी घाट, आरु घाट तपाईंको माथि लार्के भन्ज्याङ्गको बाटो गरी राख्या छ। नेपाली सेनाले त्यसको जिम्मा लिई राछ र अब हामीले भन्या छौं माथि पनि सडक खन्ने काम पनि शुरु गर्नु पर्यो तलबाट धेरै कठिनाई भयो। यसका लागि ढुङ्गा, गिट्टी, बालुवा, सवारी साधनहरु सबै चाहिने भएको हुनाले सो साधन माथि तिब्बत हुँदै माथिबाट ल्याउनु पर्ने हुनाले यो अनुमतिको लागि तिब्बत सरकार चीन सरकार तिब्बतको स्वशासित क्षेत्रसँग कुराकानी गरेर हामीले यो अनुमति पाउनु पर्यो भन्ने मान्यताका आधारमा नेपाल सरकारले लेखि पठाएको छ। हिजो पनि मैले प्रधानमन्त्रीलाई पत्र बुझाएको छु। यो काम भो भने हाम्रो अर्को नाका पनि खुल्छ।यसो गर्दाखेरि हामीले आर्थिक समृद्धिमा त्यो नाकाले महत्वपूर्ण भूमिका निर्वाह गर्छ भन्ने कुरा लाग्छ। त्यस कारणले यहि कुरा हजुरहरुलाई जानकारी गराएं। हामीले एउटा कन्फ्रेन्स हल बनाउने कुरा गर्या छौं। कन्फ्रेन्स हलको आजको दिनसम्म हामीले उपयुक्त जग्गा पाएको छैनौं। पर्याप्त जग्गा पनि पाएको छैन, उपयुक्त जग्गा पनि पाएको छैन। त्यस कारणले यो काम हामीले अझैपनि डि.पी.आर. गर्न सक्या छैनौं जग्गाको अभावमा, त्यसले गर्दाखेरि अर्को विजयद्वार बनाउने भन्या छौं। विजय तपाईंको स्तम्भ। त्यो विजय स्तम्भ एउटा कमर्शियल सेक्टरसँगको जोडेर बनाउने भन्या छौं। त्यो दुईवटा ठाउँको लागि हामीले जमिन खोजी राछौं।जमिन प्राप्त भयो भने उहाँले हाम्रो काम अगाडी बढन सक्या छैन। अर्को कुरा अहिले यहाँहरुले सुन्नु भएकै छ। नेपाल सरकार र हाम्रो बिचमा सन्धि सम्झौता हुँदाखेरि धेरै कुरा विवाद भएकोछ। सिडीओ को अहिले स्थानीय सुरक्षा ऐन अन्तर्गत

सिडीओको  भूमिका व्यवस्थापन गर्नु पर्छ भन्या छौं। सिडिओलाई अहिलेको सिडिओ भन्दा नि अझै प्रभावकारी ढंगले संघीय सरकारकोमा प्रस्तुत गर्ने ढंगले आएका हुनाले सिडिओको भूमिका प्रदेश सरकारसँग समन्वय गर्ने खालको साथै संघीय सरकारसँग पनि समन्वय गर्ने खालको हुनु पर्यो भन्या छौं। यो कुरामा पनि हाम्रो असहमति छ। यसले यस्ता कुराहरुले गर्दाखेरि हाम्रो बजेट कार्यान्वयनमा समस्या परि राखेको यहाँहरु समक्ष जानकारी गराउन चाहन्छु र अन्तिममा म के भन्न चाहन्छु भने हाम्रो विपद व्यवस्थापनमा केके सुधारहरु गर्नु पर्ने छ। यस पटक हामीले धेरै विपद भयो।लमजुङ्गमा तेत्रो ठूलो बाढि पर्यो, बाग्लुङ्गमा तेत्रो ठूलो बाढि पहिरो गयो  म्याग्दीमा समाचार भयो नेपालको मुस्ताङ्गमा तपाईंको ३७०० जति चौपायाहरु मरेका छन्। यस्तो हिमपातले गर्दाखेरि। त्यसको उचित व्यवस्थापन हामीले गर्न सकेका छैनौं। व्यवस्थापन गर्नका लागि हामी योजना बनाई राखेकै छौं। सबै हिसाब किताब मिलाएर गरि रहेका छौं तर जिल्लाबाट उपयुक्त खालको कसको कत्ति कुन पशु नोक्सान भयो भने रिपोर्ट नआएको हुनाले हचुवाको भरमा त्यो निर्णय हामीले गर्न सक्या छैनौं। त्यसको कुरा भएकोछ। विभिन्न चरणको दुर्घटना हुन्छ। आगोलागि हुन्छ आदि इत्यादि हुन्छ यसमा पनि हामीले व्यवस्थित रुपले गर्न पाएका छैनौं। किनभने नेपाल सरकारले के भन्ने गर्या छ भने यो सबै सरकारले तिरया हो नेपाल सरकारले १ लाख दिएसि भयो। अरुले दिन पर्दैन भनेपछि हाम्रो अलमल परेको छ। म के भन्नु भनेदेखि नेपाल सरकार पनि सरकारै हो यो गण्डकी प्रदेश सरकार पनि सरकारनै भएको हुनाले गण्डकी प्रदेशले पनि आफ्नो हैसियत अनुसार दिन्छ। संघले आफ्नो हैसियत दिन्छ, स्थानीय सरकारले पनि आफ्नो हैसियत अनुसार दिनु पर्छ। यो तीन तहमै

सरकार भएको फायदा यो पनि यहि होला शायद जनतालाई भनेर आगामी दिनमा यसलाई अझै प्रभावकारी ढंगले अगाडी बढाउनु पर्छ भन्ने लाग्या छ। यस पाली प्रभावकारी ढंगले हुन सक्या छैन।तटबन्धको कुराकानी गर्दाखेरि अब यस पटक हामीले अलि ठुलो योजना बनाएर काली गण्डकी तटबन्ध गर्नु पर्ने छ। कागबेनी भन्दा अलि माथिदेखि तपाईंको कालीगण्डकीको तटबन्ध यहाँ तल पर्वत सम्मको धेरै जमिन नोक्सान गर्ने भएको हुनाले कटान गर्ने भएको हुनाले, त्यसको त्यो तटबन्ध शायद अर्बौंको तादातमा हुन्छ।ठूलो प्रोजेक्ट हुन्छ त्यो। नारायणीको तटबन्धको कुरा छ हाम्रो। यता मादि नदिको तटबन्धको कुरा छ। दरौंदीको तटबन्धको कुरा छ।यि नदिहरुलाई तटबन्ध गर्न सके हजारौं बिघा जमिन उपलब्ध हुन सक्दछ। यसलाई जोगाउनु सकिन्छ। त्यस कारण यसलाई पनि हामीले अगाडी बढाउनु पर्छ भन्ने सोचि रहेका छौं।गुठिको जग्गा हाम्रो एकल अधिकारको कुरा हो। आगामी वर्षमा यो कुरालाई म्यानेज गरेर जानेसम्म म यहाँहरुलाई जानकारी गराउन चाहन्छु र अब थोरै कुरा हाम्रो नवलपुर जिल्ला हाम्रो नयाँ जिल्ला भएको हुनाले त्यहाँ पूर्वाधारको कामहरु गर्नु पर्ने छ।हिजो मात्रै हामीले शिलान्यास गरेर आएका छौं।अब प्रदेश सरकार तर्फबाट निर्माण गर्नु पर्ने भवनहरु संघ सरकारसँग उसले कति बनाउँछ उसले कति सहयोग गर्छ नहेरिकन प्रदेश सरकारले आफ्नो विशेष कार्यक्रमको रुपमा त्यहाँ संरचना निर्माण गर्नु पर्ने छ। हाम्रो प्रदेशबाट राम्रो हिस्सा त्यहाँ जान्छ भन्ने मलाई यहाँ जानकारी गराउन चाहन्छु आगामी दिनको र सेवा र सुविधाको सम्बन्धमा म यहाँ केही राख्न चाहन्छु। धेरै माननीयज्यूले, सभामुख, उपसभामुखज्यू हरुले, माननीयज्यूहरुले विपक्षी दलको नेताले पनि धेरै कुरा भन्नु भएकोछ। सबै

कुरा हेर्दाखेरि हामी गण्डकी प्रदेशकै वास्तवमा सेवा सुविधामा सबैभन्दा कम लिएकै छौं। त्यो नेपाली जनताले त्यसको समर्थन गर्नु पर्ने हो। अब समाचार सम्प्रेषण गर्ने पत्रकारहरुले पनि त्यो कुरा भन्नु पर्ने गण्डकी प्रदेश सरकारले एकदम कम सेवा सुविधा लिन्दैन र जनताको सेवा धेरै गर्नु पर्छ भन्ने छ तर त्यो कुरा आई राख्या छैन। तर त्यो रुपमा भन्नु पर्दा हामीले सधैं तिखा लाएर भोकै भएर बसि राख्नु पर्छ भन्ने छैन। मैले यो सम्बन्धमा आगामी दिनमा मैले सहमति पनि गरेको हो। पहिला प्रमुख प्रतिपक्षी दलसँग सहमति पनि गरेको हो। साँसद विकास कोष संसद केन्द्रकै आधारमा हामी किन मागी राख्नु शायद केन्द्रको हटाउने जस्तो छाँटगाँठ देखिन्न बरु बढाएर आउला। सकिन्छ भने केन्द्रको कम से कम ७०% सकिन्न भने कम से कम ५०% संघ सरकारले ४ करोड दियो भने हामीले २ करोड या हामीले ३ करोड कति गर्न सक्छौं। यसको व्यवस्था हामी गर्ने हो र अगाडी बढने र अरु तपाईंको केही केही सुविधाको कुराहरु पनि छन्। बिचमा केही केही खटपटको कुराहरु मिलाउनु पर्ने छ। भत्ताको कुराकानी पनि छ। भत्ता झिक्न आवश्यक छलफल गरेर तपाईंको अहिले स्थितिमा जे खालको सुविधा अहिले जे सुविधा पाउनु पर्ने हो केही थपघट मिलाउनु पर्ने छ। यसमा गण्डकी प्रदेश सरकारको ध्यान गएकोछ। धेरै पटक माननीय सदस्यज्यूहरुले आफ्नो भावना राख्ने क्रममा प्रदेश सामु यो कुराहरु उठाई राख्नु भएको हुनाले मैले आज बोल्ने क्रममा यहि कुरा भन्नु पर्छ भन्ने लायो। सुविधाको क्रममा पनि हामीले व्यवस्थापन गर्नु पर्ने जरुरी देखिन्छ। त्यस कारण यति कुराहरु यहाँहरु समक्ष राखेर म यहाँहरु समक्ष के निवेदन गर्न चाहन्छु भने गण्डकी प्रदेश सरकार ७ वटा प्रदेशमा १ नम्बरको हुनु पर्छ। गण्डकी प्रदेश सभा ७ वटा प्रदेश सभामा एकै

नम्बरको हुनु पर्छ। गण्डकी प्रदेशको योजना आयोग ७ वटा योजना आयोगहरुमा एक नम्बरमा हुनु पर्छ। आजसम्म त त्यो एक नम्बरमै छ शायद प्रदेश सभा पनि एक नम्बरमै रहेको छ कि भन्ने लाग्छ। सरकार त मैले दावा गर्दै आएको छु एक नम्बरमै छौं हामी भनेर। त्यस कारणले हाम्रो तीनै चारै जो संस्थाहरु छन् हाम्रा यि संस्थाहरुको काम प्रभावकारी भयो। यिनले प्रभावकारी ढंगले काम गर्यो किनभने हामीले पहिला भन्यौं होला भने शायद धेरै कानून निर्माण गर्ने क्रममा हामी गण्डकी प्रदेश सभा अगाडी छौं। त्यस कारणले पनि यो गरिमालाई कायम राख्दै आगामी दिनमा प्रदेश सभालाई कसरी प्रभावकारी ढंगले अगाडी बढाउने यसमा सभामुखज्यूको पनि भूमिकाको पनि म आव्हान गर्न चाहन्छु। उपसभामुख लगायतका, समितिका सभापतिज्यूहरु, प्रतिपक्ष दलको नेता, अन्य दलका नेताज्यूहरुको पनि भूमिका महत्वपूर्ण होस् र गण्डकी प्रदेश सभालाई साच्चै नै गण्डकी प्रदेशको समृद्धिका लागि आवश्यक पर्ने कानूनी पूर्वाधार या आधारहरु तयार गर्ने कुरामा या नीतिगत कुराहरु तयार गर्ने कुरामा राम्रो बजेट बनाएर पारित गर्ने कुरामा महत्वपूर्ण भूमिका हुनेछ भन्ने विश्वासका साथ आज यो प्रदेश सभाको आव्हान पछि म धेरै दिन प्रदेश सभामा उपस्थित हुन नसकेको कारणले पनि एक दिन मैले बोल्नु पर्छ। सरकारको अहिलेसम्म भई रहेको कामहरुको बारेमा सम्मानित प्रदेश सभालाई जानकारी गराउनु पर्छ। हामी किनभने ट्रान्सपेरेन्सीमा विश्वास गर्छौं। हामी इन्क्लुसिभनेसमा विश्वास गर्छौं। हामी डेमोक्रेटिक फोर्सेज र तपाईंको स्ट्रक्चरमा विश्वास राख्छौं भन्ने हुनाले यो सम्मानित प्रदेश सभामा यहि कुराहरु राख्नु पर्छ भन्ने मान्यताको आधारमा अहिले माननीय सभामुखज्यूको अनुमतिले यति कुराहरु राख्ने जमर्को गरें र आगामी दिनमा

अब हाम्रो बजेट बनाउन फेरि प्रारम्भ हुन थाल्यौं। फेरि बजेट प्लानिङ्ग हुँदाखेरि यस पटक हाम्रो धेरै नयाँ नयाँ बजेट यस पटक हामीले पहिलो अनुभवहिनताको कारणले पनि धेरै कुराहरुमा बजेट छर्यौं हामीले। बजेट छरेको कारणले त्यसको फिसिबल कनुै तपाईंको कन्स्यान्स आउने गार्हो रहेछ त्यही भएर टयाक्कै टयाक्कै देखिने खालको काम गर्नु पर्छ अर्को वर्षदेखि। सकभर सडकहरुको पुलहरु को जे जे यहाँ भन्या छ त्यो तलमाथि हुने कुरा हुँदैन त्यो हाम्रो डिपीआरमा गई राख्या छ। अब मल्टि एअरमा एग्रिमेन्टमा भएर हाम्रो जान्छ। कुरा उही छ। थप केही नयाँ कुराहरु। प्रभावकारी ढंगले चलाउनु पर्ने कुराहरु कृषि क्षेत्रको पर्यटन क्षेत्रको उर्जा क्षेत्रको कामहरु गर्नु पर्ने छ उर्जा क्षेत्रको कुराकानी गर्दाखेरि फेरि पनि म यहाँ केही कुरा मैले भन्न चाहन्छु कि मुस्ताङ्ग जिल्लामा मात्रै ५००० मेगावाट बिजुलीको सम्भावना छ । पोटेन्शियालिटि छ। चाइनीजहरु आएर उनीहरु चाइनीज ४ जना  इन्जिनियरहरु आएर हेरेर गए उनीहरुले। क्यालकुलेशन गरेर गए उनीहरुले र क्यालकुलेशन गर्दाखेरि २००० मेगावाट सोलर इनर्जी निस्किन्छ त्यो सोलर इनर्जी विन्डसँग सिन्क्रोनाइज्ड गर्यो भने ३००० तपाईंको वायु उर्जा निस्कन सक्छ भनेर उनीहरुले भन्या छ। हामीहरु कहाँ गएर अडकियौं? उनीहरु कहाँ गएर यति धेरै उत्साहित भएर गएको उत्साहित भएर फर्किएको पछि हामीसँग टाँन्समिशन लाइन नै रहेनछ। म्याग्दीको दानासँग ५० मेगावाट सम्मको धान्न सक्ने क्षमताको एउटा टाँन्समिशन लाइन रहेछ। त्यस भन्दा माथि टाँन्समिशन लाइन नै छैन। त्यस कारणले मुस्ताङ्गका म्याग्दीका धेरै गाउँहरु आजपनि माइक्रो हाइड्रो मार्फत या सोलर मार्फत मात्रै उज्यालो छ। नेशनल ग्रिडसँग जोडेको छैन। त्यस कारणले मैले के भनेको छु यस

पटक शायद हामीले मर्स्याङ्गदी करिडोर, काली गण्डकी करिडोर, बुढिगण्डकी करिडोर गरी यहाँ मादि करिडोरमा टाँन्समिशन लाइन हामीले बनाउने संघ सरकारसँग समपुरक अनुदान पनि माग्ने। त्यसरी गरियो भने यि क्षेत्रहरुमा बुढि गण्डकी माथिल्लो बेडमा बिजुली उत्पादन गर्ने धेरै तपाईंको आयोजनाहरु छन्। म्याग्दे खोलामा छ, कालीगण्डकीमा छ, मादि खोलामा छ, मर्याङ्गदिमा छ थुप्रै ठाउँहरु सेतिमा छ। यि सबै जति सुकै भएपनि टाँन्समिशन लाइन नभएको हुनाले उनीहरु त नाफा गर्न कमाउनका भएको हुनाले टाँन्समिशन लाइन नहुँदाखेरि बिजुली उत्पादन गर्यो टाइममा बजारमा बिजुली जाँदैन भने त्यो दिनदेखि बैंकको उहाँहरुलाई कर्जा लाग्छ। बिजुली जेनेरेट भयो भन्छ बिजुली बेच्नेहरु त्यहिं हुन्छन्।बिजुली बेचिन्छ। बिजुली बेचेसि बैंकको कर्जा तिर्नु पर्ने हुन्छ। त्यस कारणले बैंकको कर्जा लाग्ने भयो भनेर उत्पादन भएको बिजुली पनि टाँन्समिशन लाइन बन्या छैन भने त्यतिकै बसि राख्या हुन्छ। त्यस कारणले गर्दाखेरि यो स्थिति अन्त्य गरियो भने हाम्रो क्षेत्रमा ३००० देखि ५००० मेगावाट बिजुली यो पाँच वर्ष भित्र उत्पादन गर्ने या त्यसको आधार तयार गर्ने कुरामा कसले रोक्न सक्दैन हामीलाई। तेस्तो पोटेन्शियालिटी बोक्या ठाउँ हो र खनिज र खानीको उत्खनन गरेर हाम्रो प्रदेशको समृद्धिमा लगाउनु पर्ने सम्भावना तेति नै छ यसको बढि भन्दा बढि सम्भावना संघीय सरकारले सहयोग गर्नु पर्ने भा हुनाले हामीले पनि गर्न सक्छौं त्यो व्यवस्थापनमा एठाउने कुरा तर हाइ-टेक्नोलजी चाइने भएको हुनाले धेरै पुँजी चाहिने भएको हुनाले ठूलो-ठूलो इन्टरनेशनल कम्पनीहरु आउनु पर्ने भा हुनाले संघले नै बढि बल गर्नु भएदेखि उपयुक्त हुन्छ भन्ने ठानेर हामीले  सहजीकरण गर्छौं। संघले यसको नेतृत्व गर्नु

पर्यो भनेर हामीले सहजीकरण गर्छौं। यति कुरा मैले राखे यहाँ माननीय सभामुखज्यू आगामी वर्ष यो वर्ष हामीले एक खालको आधार तयार गरेका छौं। पूर्वाधारहरु तयार गरी कानूनी आधार पनि एक खालको तयार गरेका छौं। संरचनाहरु एक खालको पर्याप्त रुपमा नै एक खालको आधार तयार गरेका छौं। श्रोत र साधनको व्यवस्थापन गर्ने कुरा पनि हामीले हेक्का पाइ सक्या छौं।म्यानेज गरी रहेका छौं थोरै र बाँकि पूर्वाधारहरु जे जे गर्नु पर्छ त्यो काम पनि हामीले गरेर विदेशी लगानी धेरै भित्राउने विदेशी लगानी नीजि क्षेत्रको लगानी धेरै भित्राएर पर्यटन उर्जा कृषि र उद्योग क्षेत्रमा यि लगानी भित्राएर हामी अगाडी बढौं। पूर्वाधरको निर्माणका लागि पनि हामीले कतिपय कुराहरुमा हामीले सम्झौैता गर्नु पर्ने हुन सक्छ र त्यस बाहेक हामीले उच्च जनशक्तिको व्यवस्थापन आज हाम्रो आवश्यकता हो। त्यसलाई पनि हामीले छैटौं प्रायोरिटिमा राख्या छौं र यि सबै चीज हुँदाखेरि पनि यदि सुशासन कायम भएन गुड गभर्नेन्स भएन अहिलेको भ्रष्टाचार नियन्त्रण गर्ने काम भएन अहिलको ढिला सुस्ति सारा कुराहरु अन्त्य भएन भने फेरि पनि जनतामा नराम्रो सन्देश जाने विकास खोज्ने प्रतिको जनताको भावनामा ठेस पुग्ने भएको हुनाले हामीले सुशासनलाई पनि त्यहाँ हाम्रो सातौं समृद्धिको आधार मानेका छौं। यि सबै सात वटै समृद्धिका आधारहरुलाई मनोनयन गरेर आगामी दिनमा हामी बजेट बनाउँछौं र अहिले यो खालको बजेट यो वर्षको बजेट यो आर्थिक वर्षको बजेट कार्यान्वयन गर्ने कुरामा जे-जे चुनौतिहरु भयो यसलाई हामीले स्वाभाविक मानेका छौं यो वर्ष संघीयता कार्यान्वयनको पहिलो वर्ष भएको हुनाले संघीयता कार्यान्वयनको पहिलो वर्षको यि सबै कुराहरु देखिने रहेछन् र हामीले तत्काल भोगि रहेका विकृतिहरुका कुराहरु विसंगतिका कुराहरुमा

पनि माननीय सदस्यहरुले जे चासो राख्नु भएकोछ। आव्हान गर्नु भएकोछ। त्यसको लागि त्यो अन्त्य गर्नको लागि पनि हाम्रो पहल हुनु पर्छ भन्ने लाग्छ । अहिले पहल गर्दागर्दै पनि कतिपय कुराहरुलाई व्यवस्थित गर्न सक्या छैन । यस कारणले यसलाई पनि आगामी दिनमा सुशासनको प्रत्याभूति हुने ढंगले अगाडी बढने कुरामा प्रदेश सभाको अझै पनि साथ र समर्थन रहि रहने छ विश्वासका साथ माननीय सभामुखज्यू म आफ्नो भनाई यहि राख्न अन्त्य गर्न चाहन्छु। धन्यवाद ।

**माननीय सभामुखज्यू**

अव म, माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुनमगर लाई विधायन समितिको प्रतिवेदन सहितको **"सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**" माथि छलफल गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुनमगरज्यू**

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७५ साल माघ १४ गते बसेको बैठकमा प्रस्तुत भई दफावार छलफलको लागि विधायन समितिमा पठाइएकोमा समितिबाट प्रतिवेदन समेत प्राप्त भएको ।**"सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**" माथि छलफल गरियोस् । नेपालको संविधानको धारा १९८ को उपधारा १ तथा प्रदेश सभा नियमावली २०७४ को नियम १२१ को उपनियम

२(क) बमोजिम विधायन समितिको प्रतिवेदन सहितको विधेयक माथि छलफल गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

**माननीय सभामुखज्यू**

अब म उक्त विधेयक माथि छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोस् ।

**"हुन्छ"** भन्ने आवाज सुनिएन, तसर्थ विधेयक माथी छलफल गरियोस् भन्ने प्रस्ताव **सर्वसम्मतिले स्वीकृत** भएको घोषणा गर्दछु ।

अब विधायन समितिको प्रतिवेदन सहितको **"सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**" माथिको दफावार छलफल प्रारम्भ हुन्छ । दफावार छलफलमा बोल्न चाहनु हुने माननीय सदस्यहरुले आफ्नो आफ्नो नाम सभामुखको डयास सँगै बसेका सचिवालयका अधिकृत कर्मचारीहरुलाई उपलब्ध् गराई दिनुहुन अनुरोध गर्दछु ।

अब म सर्वप्रथम माननीय सदस्य श्री कृष्ण बहादुर थापालाई छलफलमा भाग लिन समय दिन्छु । समय ७ मिनेट ।

## माननीय कृष्ण बहादुर थापाज्यू

माननीय सभामुखज्यू आजको हाम्रो यो गरिमामय सदनमा हामी सम्पूर्ण उपस्थित सदस्यज्यूहरु एकदमै खुशीको अनुहारमा भए जस्तो देखि रहेको छु मैले। किनभने भर्खरै मात्रै हाम्रो माननीय मुख्यमन्त्रीज्यूले यो वर्षभरि गरेका हाम्रो उपलब्धिहरु हाम्रो अगाडी राखि सक्नु भएकोछ र यो उपलब्धीले सात वटै प्रदेशमा एउटा अग्रगतिका साथ गण्डकी प्रदेश अगाडी बढेको र आगामी दिनमा यो उपलब्धीको जगमा उभिएर हामीले अझै धेरै उपलब्धीहरु हासिल गर्ने तथ्यहरु हाम्रो अगाडी आई रहेको हुँदा हामी धेरै खुशी छौं। मलाई लाग्छ २०७५ साल पनि हाम्रो लागि धेरै नै उपलब्धीपूर्ण छ र यसको रिजल्ट २०७६ सालमा आउने छ र माननीय सदस्यहरुको सबै आ-आफ्नो निर्वाचन क्षेत्र सिंङ्गो गण्डकी प्रदेशमा हाम्रो देशको हामीले चाहे जस्तो सुखी नेपाली समृद्ध नेपालको जग एकदम बलियो भएर उदाउने छ भन्ने विश्वास हामीले लिई राखेका छौं र अहिले भर्खरै हाम्रो एउटा विधेयक यहाँ प्रस्तुत हाम्रो माननीय सामाजिक मन्त्रीज्यूले **"सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** जुन प्रस्तुत गर्नु भएकोछ। मलाई लाग्छ यो विधेयक धेरै लामो समय छलफलमा रहेकोछ। पटक-पटक सभासदज्यूहरुको राय सल्लाह सुझाव लिएको छ र तेति मात्रै हइन यो विधेयकको बारेमा केही समय अगाडी मात्रै सामाजिक मन्त्रालयले हाम्रो सामाजिक मन्त्रीज्यूको नेतृत्वमा उहाँले विभिन्न क्षेत्रका विज्ञहरु सामाजिक संघ-संस्थाका प्रमुखहरु

सभासदज्यूहरुलाई त्यहाँ बोलाएर यो सम्बन्धमा यो विधेयकको महत्व बारेमा आफ्नै मन्त्रालयमा छलफल चलाउनु भएको थियो र नेपालको स्थिति हेर्दा एकदमै भयावह सूर्तिजन्य पदार्थहरुका कारणले नेपालका नागरिकहरुको स्वास्थ्यमा असाध्यै ठूलो असर परेको र हजारौं नागरिकहरु एउटा डरलाग्दो रोग क्यान्सर र ब्रोन्काइटिस जस्ता असाध्यै नन कम्युनिकेबल नसर्ने खालका तर डरलाग्दा रोगहरुले आक्रान्त भएको अवस्थामा यो विधेयक जुन हाम्रो गण्डकी प्रदेशमा प्रस्तुत भएकोछ। यो सराहनीय छ र सिङ्गो गण्डकी प्रदेशका जनता मात्रै हइन सिंङ्गो नेपाली जनताका लागि नै यो उदाहरणीय बनेको छ। यो विधेयक पास भई सकेपछि हामीलाई के विश्वास छ भने हाम्रो प्रदेशका जनताहरुको स्वास्थ्यमा धेरै सुधार आउने छ र सूर्तिजन्य पदार्थहरु जुन सेवन गर्ने परिपाटी छ। त्यसमा एकदमै न्यूनीकरण हुने छ र जनताको स्वास्थ्यमा राम्रो प्रभाव परेर जनताको जीवन स्तरलाई पनि एक खालको सहयोग पुग्ने हामीले विश्वास लिएका छौं तसर्थ यो विधेयकमा म र हाम्रो पार्टीको तर्फबाट पूर्ण रुपमा समर्थन रहेको जानकारी गराउन चाहन्छु। यति विचार यहाँहरुको सामु राख्दै नयाँ वर्ष २०७६ ले हाम्रो सभामुखज्यू उपसभामुखज्यू मुख्यमन्त्रीज्यू मन्त्रीज्यूहरु सम्पूर्ण सभासदज्यूहरु हाम्रो यो संसद सचिवालयका सम्पूर्णका कर्मचारी साथीहरु सिङ्गो गण्डकी प्रदेशका कर्मचारीहरु सबैको सुख शान्ति संमृद्धि र सम्मुन्त भविष्यका लागि एक खालको सफलताको लागि यहाँहरु सबैलाई म हार्दिक शुभकामना शुभेच्छा व्यक्त गर्दै विदा हुन चाहन्छु । र पुन यो विधेयक माथि म र मेरो पार्टीको पूर्ण समर्थन रहेको जानकारी गराउँछु ।

**माननीय सभामुखज्यू**

अब म माननीय सदस्य श्री सरिता गुरुङ्गलाई छलफलमा भाग लिन समय दिन्छु। समय ७ मिनेट ।

## माननीय सरिता गुरुङ्गज्यू

माननीय सभामुखज्यू सर्वप्रथम त यहाँ यस ऐतिहासिक प्रदेश सभामा उपस्थित सम्पूर्ण माननीयज्यूहरु र कर्मचारी र पत्रकारज्यूहरु सबैलाई २०७६ सालको हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु। सर्वप्रथम त **"सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** यो विधेयक राम्रो छ किनभने मानिस स्वस्थ्य भएर बाँच्न पाउनेमा मानिसको अधिकार हो। त्यसैले यो मानिस स्वस्थ्य रहनको लागि यो विधेयक पक्कै पनि यो राम्रो हुन्न भने कसैले पनि सोच्दैन र यो राम्रै हुन्छ भनी हामी सबैले मनन गरी सकेका छौं र यसमा विशेष गरी यो सूर्तिजन्य पदार्थ सेवन गर्दाखेरि हाम्रो आर्थिक सामाजिक साँस्कृतिक सबै कुरा यसले बिगार्छ यसले राम्रो गर्दैन र यसैले यसलाई नियन्त्रण गर्नका लागि हामी सबै एक भएर लाग्नु पर्छ र यो आज सफल बनाउनका लागि यस विधेयकमा कुनै कुराहरुलाई आज बढि सुनमा सुगन्ध थाप्न मैले आवश्यकता ठानेको छु। अरु धेरै कुराहरु आई सकेको छ। नेपालको संविधानमा पनि स्वास्थ्य अधिकार सम्बन्धी व्यवस्था गरी सकेको छ। त्यसैले हामीले हामी नेपाली जनता एउटा सुखी र संमृद्धि हुन र एउटा सक्षम नागरिक हुनको लागि यो व्यवस्था गरेको छ र हामी सबैले निशुल्क औषधी पाउनु पर्छ र सबैले शायद यो सुदुरपश्चिममा बसेको होस् अथवा चाहे त्यो तराईमा बसेको होस् चाहे त्यो हिमालमा पहाडमा जुनसुकै नागरिकले पनि यो सर्वसुलभ रुपमा यो औषधी व्यवस्था हुनु पर्छ र हामी

स्वास्थ्य रहनु पर्छ भन्ने हामी कुनै कसैको पनि विमत छैन भन्ने कुरा पनि मैले विश्वास गरेकोछु। मात्रै मलाई एउटा के लागेको छ भने यो विधेयकलाई अझ प्रभावकारी बनाउन र हामी एउटा स्वस्थ्य नेपाली बन्नको लागि म आफूले सोचेको मेरो एकदमै नितान्त व्यक्तिगत कुरा हो किनभने हामीले यसमा यो विधेयकमा के भनेको छ भने १८ वर्ष नपुगेका र गर्भवती महिलाहरुले यो सूर्तिजन्य पदार्थहरु खरिदबिक्री गर्न नपाइने भन्ने व्यवस्था गरेको छ। त्यसमा उल्लेख गरेको छ। यो गर्नका लागि म आफूलाई के लायो भने एउटा मावि स्तरको स्कुलहरुमा सरकारका प्रदेश सरकारकै स्तरबाट केही महिनाको भित्र केही वर्षको दुई चार दिन कम्तिमा स्वास्थ्य पढाउने शिक्षकसँग समन्वय गरेर यस स्वास्थ्य सम्बन्धी केही जनचेतनामूलक, केही सचेतना हुने संदेशमूलक कक्षाहरु संचालन गर्न पाए यो अझ प्रभावकारी हुन्थ्यो किनभने बालबालिकाहरुको चेतनामा मानसिकतामा बस्थ्यो किनभने यो सूर्तिसेवन गर्दाखेरि हामीलाई नसर्ने धेरै रोगहरु लाग्दो रहेछ। हाम्रो गिजा पाक्ने, दाँत बिग्रिने, ओंठ बिग्रिने, र क्यान्सर जस्ता भयानक रोगहरुले हामीलाई असर गर्छ। त्यसैले यो सेवन गर्नु हुँदैन है भनेर एउटा पम्पलेट सहित वर्षको दुई तीन पटक संचालन गर्न पाए अझ राम्रो हुने थियो भन्ने म आफ्नो धारणा हो र मैले माननीय सभामुख मार्फत सम्बन्धित मन्त्रालयलाई अनुरोध गर्दछु र अर्को एउटा गर्भवती महिलाले यो खरिद बिक्री गर्न नपाउने भन्ने कुरा पनि म आफै असाध्यै मनन गरेको र सोचेको किनभने यो स्थानीय भाषामा हामीले सबैले बुझ्न सक्ने हाम्रो गण्डकी प्रदेशमा ११ वटा जिल्ला छ। सबैले बुझ्ने र जान्न सक्ने सरल भाषामा एउटा स्थानीय एफ.एम.हरु आफ्नो भाषामा एउटा जनचेतनामूलक संदेश बजाउन पाए पक्कै पनि त्यसमा पनि

महिलाहरुले त्यो बारेमा पनि अलि जानकारी हुन्थ्यो होला गर्भवति महिलाले यो भनौं भनेर मैले यो कुरा भनें। अस्ति भर्खरै म एउटा कार्यक्रममा गएको थिएं र त्यो कार्यक्रममा अझै पनि त्यस्तो छ भनेर हामीलाई लाग्न सक्छ तर पनि बाहिर सार्वजनिक गर्न नसके पनि भित्रभित्रै महिलाहरुलाई अझै छ। सबैले मिटिङ्गमा चुरोट खाना नपाउने, तर चुरोट उता गएर त्यो धन्सार थियो उतापट्टि गएर खाँदाखेरि सबैले महिलालाई हाथ थापेर के गरेको भन्दाखेरि त्यो चुरोटको खरानी महिलालाई दियो। गर्भवती महिलालाई किनभने उसलाई मन पराउँछ त्यसैले हामीले खाएको चुरोटको खरानी भने देख्दा मलाई धिक्कार लायो। त्यसैले यस्ता कुराहरुको अझ न्यूनीकरण गर्नु पनि आवश्यकता छ। त्यसैले एफ.एम.हरुमा पनि हामीले यो  स्थानीय भाषा सरल सजिलो भाषामा सुनाई दिनु पर्छ कि भन्ने पर्छ होला भन्ने मैले एउटा सोचेको छु र अर्को कुरा हामीले यो सूर्तिमा सूर्तिजन्य पदार्थ सेवन गर्नको लागि यो गर्नु हुन्न है भनेर यो एउटा सन्देशमूलक एउटा डरलाग्दो चित्रहरु देखाउने कुनै विज्ञापन मिडियाहरुमा नदिने र एउटा बट्टामा ९०% ढाक्ने चित्रहरु राख्ने कुरा यो असाध्य राम्रो छ। मलाई असाध्यै मन पर्यो । तैपनि मैले हाम्रो गण्डकी प्रदेशको प्रदेश नीति अध्ययन गर्दाखेरि त्यहाँ देख्दाखेरि गण्डकी प्रदेशकै ११ वटै जिल्लाको आयकर भन्दा हाम्रो सूर्य टोबाकोको हामीलाई आयकर बढि आम्दानी हुँदो रहेछ गण्डकी प्रदेशमा। त्यसमा कतै हामी लालायित हुने त होइन? त्यसमा पनि अलिकति हामीले विचार गर्न आवश्यकता मैले ठानेको छु अरु त म यहाँ धेरै कुराहरु भन्नु भन्दा अब यो स्वास्थ्यको लागि यस्तो र तेस्तो भन्नु भन्दा हामी सबै मिलेर एउटा स्वस्थ्य नेपाली सक्षम नागरिक स्वास्थ्य भन्नु पर्छ भन्दै यो विधेयक राम्रो छ र यसमा मेरो केही अनुरोध

पनि समावेश हुने छ भन्ने विश्वास लिई विदा हुन्छु। धन्यवाद। जय नेपाल।

## माननीय सभामुखज्यू

अब म माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुनमगरलाई छलफलमा उठेका प्रश्नको जवाफ दिन अनुमति दिन्छु।

## माननीय नरदेवी पुन मगर

माननीय सभामुखज्यू अहिले नेपालमा सर्ने रोगहरुको करिब करिब कन्ट्रोल भई सकेको छ। नसर्ने रोगहरुको बिगबिगी बढी रहेको छ र नसर्ने रोगहरु मध्ये क्यान्स,र मुटु सम्बन्धी, मधुमेह र दम । यो विशेष गरी यो चार वटा रोगलाई हाम्रो सूर्तिजन्य पदार्थको सेवनबाट यि रोगहरु उत्पादित हुने भाको हुनाले विरामी भए पछि अस्पताल जानु भन्दा बिरामी भएपछि अस्पतालमा लगेर उपचार गर्नको निम्ति राज्यले खर्च गर्नु भन्दा विरामी हुनबाट कसरी जोगाउने भन्ने सन्दर्भमा प्रदेश सरकारले यसलाई महत्व दिएर आज विधेयकको रुपमा हामीले यसको बारेमा दफावार छलफल गरेका छौं र नेपालमा विशेष गरिकन गण्डकी प्रदेश नेपालमा यो मुटु सम्बन्धीको जुन प्रेशर ब्लड प्रेशर टोटल जनसंख्याको १७ प्रतिशत नागरिकलाई छ। त्यो भन्दा बढी गण्डकी प्रदेशको नागरिकलाई छ । त्यसैले यसको कन्ट्रोलको निम्ति पनि हामीले यो सूर्तिजन्य पदार्थको नियमन र नियन्त्रण यसलाई न्यूनीकरण गर्न नितान्त जरुरी भएको कुरा म यहाँहरुको बिचमा राख्न चाहन्छु । सँगै हामीले अघि माननीयज्यूले भने जस्तै यो धेरै सूर्य टोबाकोले हामीलाई धेरै पैसा आएको छ त्यसले यसमा कुरा उठाउनु भएको छ  तर हामीले क्यान्सरको टोटल नेपालको क्यान्सर

विरामीको संखया हेर्दाखेरि ९४२३११३ जनाको अहिले दर्ता छ र यिनलाई हामीले यो सूर्तिजन्य पदार्थबाट हामीले राज्यले पाउने पैसा जम्मा १७ अर्ब छ। तर यहि सेवन गरेर नागरिक विरामी भएर राज्यले खर्च गर्ने बजेट २२ अर्ब बराबर छ र व्यक्तिगत रुपमा खर्च गर्ने खर्चलाई अन्दाजी हिसाब गर्दाखेरि ४७ अर्ब बराबरको बजेट अहिले यसको उपचारको निम्ति खर्च भाको जानकारी त्यो डाटा हामीसँग छ त्यसैले हामीले यसलाई न्यूनीकरण गर्नको निम्ति सूर्तिजन्य पदार्थ सम्बन्धी नियन्त्रण र नियमन सम्बन्धी ऐन हामीले ल्याएका छौं र हाम्रो गण्डकी हाम्रो नेपालले घटिमा कम्तिमा ७५% भागमा यसको चेतावनीमूलक संदेश र रंगीन चित्र यो सेवन गर्दाखेरि कस्तो कस्तो खालको रोग लाग्छ रंगीन चित्र जुन राख्ने व्यवस्था गर्यौं र यसको निर्देशिका २०७१ ले ९०% को व्यवस्था गर्यो यसले नेपालमा सूर्तिसेवन सूर्तिजन्य पदार्थ सेवन गर्नेको संख्या घटेको जानकारी हामीले प्राप्त गरेको छौं । र यहि गरे बापत नेपालले पुरस्कार प्राप्त पनि गरेको छ। त्यसैले हामीले गण्डकी प्रदेशका नागरिकलाई स्वस्थ्य बनाउनको निम्ति आज नेपाल सरकारले यो विधेयक जारी अगाडी ल्याएको छ र माननीय सदस्यहरुले आ-आफ्नो महत्वपूर्ण सुझाव दिनु भएकोछ। यसको लागि धन्यवाद दिंदै यसलाई हाम्रो सम्मानित सदनले सर्वसम्मतिका साथ पास गर्ने छ भन्ने कुरा विश्वासका साथ मैले आफ्नो भनाईलाई अन्त्य गर्न चाहन्छु। धन्यवाद।

**माननीय सभामुखज्यू**

अब यो छलफल यहीं समाप्त हुन्छ। अब म **"सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**"का सम्बन्धमा

विधायन समितिको प्रतिवेदनको क्रम संख्या ४ को क देखि ट सम्म उल्लेखित संशोधनलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले **'हुन्छ'** भन्नु होस् ।

(**हुन्छ** भन्ने आवाज आएको)

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **'हुन्न'** भन्नु होस् ।

(**हुन्न** भन्ने आवाज नआएको)

हुन्न भन्ने आवाज सुनिएन तसर्थ **"सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**" का सम्बन्धमा विधायन समितिको प्रतिवेदनको क्रम संख्या ४ को क देखि ट सम्म उल्लेखित संशोधन सर्वसम्मतिले स्विकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु अब म **"सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**" का सम्बन्धमा विधायन समितिको प्रतिवेदनको क्रम संख्या ४ को क देखि ट सम्म उल्लेखित संशोधन **"सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**" को अंग बनोस भनि **निर्णयार्थ** प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **'हुन्छ'** भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **'हुन्न'** भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले **'हुन्छ'** भन्नु होस् ।

('**हुन्छ'** भन्ने आवाज आएको)

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **'हुन्न'** भन्नु होस् ।

**'हुन्न'** भन्ने आवाज सुनिएन तसर्थ **"सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**" का सम्बन्धमा विधायन समितिको प्रतिवेदनको क्रम संख्या ४ को क देखि ट सम्म उल्लेखित संशोधन ***सर्वसम्मतिले स्विकृत*** **"सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**" को अंग बनेको घोषणा गर्दछु।

अब म विधेयकको दफा १ देखि २७ सम्म र अनुसूची १ **"सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**" को अंग बनोस् भनी **निर्णयार्थ** प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले **'हुन्छ'** भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले **'हुन्न'** भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले **'हुन्छ'** भन्नु होस् ।

('**हुन्छ'** भन्ने आवाज आएको)

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **'हुन्न'** भन्नु होस् ।

**'हुन्न'** भन्ने आवाज सुनिएन तसर्थ विधेयकको दफा १ देखि २७ सम्म र अनुसूची १ सर्वसम्मतिले **"सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**" को अङ्ग बनेको घोषणा गर्दछु।

अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

**प्रस्तावना :-** धुमपान तथा सूर्तिसेवन मानव स्वास्थ्यका लागि हानीकारक भएको र धुम्रपान तथा सूर्तिसेवनले मानव जीवनको आर्थिक सामाजिक र साँस्कृतिक क्रियाकलापमा नकारात्मक असर पार्ने भएकोले सो कार्यलाई नियन्त्रण गर्न सर्वसाधारण जनताको स्वास्थ्यको सुविधा र आर्थिक हितको अभिवृद्धि गर्न सूर्तिजन्य पदार्थको आयत उत्पादन बिक्री वितरण तथा सेवन गर्ने कार्यलाई न्यूनीकरण नियन्त्रण तथा नियमन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

**संक्षिप्त नाम र प्रारम्भ** :- १. यस ऐनको नाम **"सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** रहेको छ ।

२. यो ऐन गण्डकी प्रदेश भर लागू हुनेछ ।

३. यो ऐन प्रमाणीकरण भएको मितिले ४५ दिनदेखि लागु हुनेछ ।

अब म विधेयकको **प्रस्तावना** र **नाम** "सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" विधेयकको अंग बनोस् भनी **निर्णयार्थ** प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले **'हुन्छ'** भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले **'हुन्न'** भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले **'हुन्छ'** भन्नु होस् ।

(**'हुन्छ'** भन्ने आवाज आएको)

यसको विपक्षमा हुने माननीय सदस्यले **'हुन्न'** भन्नु होस् ।

**'हुन्न'** भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम **सर्वसम्मतिले "सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**" को अंग बनेको घोषणा गर्दछु ।

अब म माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुन मगरलाई **"सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**" माथि पारित गरियोस् भनी प्रस्ताव गर्न अनुमति दिन्छु ।

**सामाजिक विकास मन्त्री मा . नरदेवी पुन मगरज्यू**

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७५ साल माघ १४ गते बसेको बैठकमा प्रस्तुत भई दफावार छलफलको लागि विधायन समितिमा पठाइएकोमा समितिद्वारा प्रतिवेदन सहित प्राप्त भएको **"सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**" प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम विधायन समितिको प्रतिवेदन सहितको विधेयक पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु ।

**माननीय सभामुखज्यू**

अब यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले **'हुन्छ'** भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यले **'हुन्न'** भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले **'हुन्छ'** भन्नु होस् ।

(**'हुन्छ'** भन्ने आवाज आएको)

यसको विपक्षमा हुने माननीय सदस्यले **'हुन्न'** भन्नु होस् ।

**'हुन्न'** भन्ने आवाज सुनिएन तसर्थ **"सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु माननीय प्रदेश प्रमुखको कार्यालयबाट प्रदेश सभाको अधिवेशन अन्त्य गर्ने सम्बन्धी पत्र प्राप्त हुन आएको छ। सो पत्रको व्यहोरा म पढेर सुनाउँछु ।

मिति २०७६/०१/०३

**विषय प्रदेश सभाको चालु अधिवेशन अन्त्य गरिएको ।**

श्री माननीय सभामुखज्यू,
प्रदेश सभा, गण्डकी प्रदेश,
पोखरा ।

प्रदेश सरकार, गण्डकी प्रदेश मन्त्रिपरिषद्को सिफारिशमा नेपालको संविधानको धारा १८३ को उपधारा २ बमोजिम प्रदेश सभाको चालु हिउँदे अधिवेशन सम्वत् २०७६ वैशाख ८ गते आइतवार रातको १२.०० बजेदेखि अन्त्य गरिएको छु ।

बाबुराम कुँवर
प्रदेश प्रमुख

**माननीय सभामुखज्यू**

माननीय सदस्यहरु अब यो बैठक यहिं स्थगित हुन्छ।